# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २४८ | काठमाडौं | आइतबार, २४ पुस २०७९ | Prabhab National Daily | Sunday, January 8, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


कांग्रेसको निर्णय

## संसद्मा सशक्त भूमिका निभाउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संघीय संसद्मा दलको भूमिका सशक्त र प्रभावकारी बनाउन एकताबद्ध भएर काम गर्ने निर्णय गरेको छ । सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा शनिबार बसेको बैठकले त्यसका लागि तयारी गर्न सांसदहरूलाई निर्देशन दिएको पार्टीका मुख्य सचेतक रमेश लेखकले जानकारी दिए ।

'सिंगो पार्टी एकताबद्ध र एक ढिक्का भएर प्रतिनिधिसभामा सशक्त भूमिका निर्वाह गर्ने निर्णय भएको छ,' उनले भने । बैठकले नेपाली कांग्रेसलाई सबैभन्दा ठूलो दलका रूपमा प्रतिनिधिसभामा विजयी गराएकामा मतदाताप्रति आभार प्रकट गरेको छ ।

स्थानीय तहको निर्वाचनपछि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न गरेकामा कांग्रेस नेतृत्वको निवर्तमान सरकारलाई आभार व्यक्त गरेको मुख्य सचेतक लेखकले जानकारी दिनुभयो । 'निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न निर्वाचन आयोग, सुरक्षा निकाय, कर्मचारी, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी र सञ्चार गृहप्रति उच्च सम्मान प्रकट गरेको छ,' उनले भने ।

बैठकले संविधानसभा सदस्य तथा पूर्वसांसद झुलबहादुर आले र मैयादेवी श्रेष्ठप्रति शोकप्रस्ताव पारित गरेको छ । कांग्रेसले प्रतिनिधिसभाको (**बाँकी पृष्ठ २ मा**)

## शीर्ष नेताको हातमा साझा कार्यक्रमको मस्यौदा

**काठमाडौं (प्रस)–** सत्ता साझेदार दलका कार्यदलले तयार पारेको न्यूनतम साझा कार्यक्रमको मस्यौदा सत्तारुढ दलका शीर्ष नेतालाई बुझाएको छ । प्रधानमन्त्रीनिवास बालुवाटारमा शनिबार साँझ कार्यदलले मस्यौदा प्रतिवेदन बुझाएको हो । सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउने विषयमा सत्ता साझेदार दलले यही पुस १४ गते कार्यदल बनाएको थियो ।

कार्यदलमा नेकपा एमाले उपाध्यक्षसमेत रहेका उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेल संयोजक छन् । समितिमा नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन, राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री मुकुल ढकाल, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट धवलशम्सेर राणा र जनता समाजवादी पार्टीका रकम चेम्जोङ सदस्य छन् ।

प्रतिवेदनमा सरकार सञ्चालनलाई प्रभावकारीरूपमा सञ्चालन गर्न सरकारका प्राथमिकता निर्धारण गरिनुका साथै सामाजिक न्याय, सुशासन र समृद्धिका क्षेत्रका विविध विषयहरू समेटिएको कार्यदलका सदस्य पुनले जानकारी दिए । शीर्ष नेताले उक्त मस्यौदा बुझेपछि त्यसलाई आवश्यक अध्ययन गरेर सार्वजनिक गर्ने र त्यसलाई कार्यान्वयन गरिने बताइएको छ ।

# चार दल एकता उन्मुख

- नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी र नेपाल समाजवादी पार्टी (नेसपा) एकता प्रक्रियामा
- पहिलो चरणमा माओवादी र नेसपा तथा जसपा र एकीकृत समाजवादीबीच एकता हुने
- माओवादी, जसपा र एकीकृत समाजवादीको कार्यदल गठन, नेसपाको बाँकी
- चार दल एकता हुँदा संसद्मा ५४ सिटसहित महत्त्वपूर्ण शक्ति बन्ने






■ जेबी योञ्जन

**काठमाडौं–** चुनावपछि नयाँ सरकार गठन भएसँगै चारवटा समाजवादी दलले एकता प्रक्रियालाई एकाएक अघि बढाएका छन् । संघीय संसद्मा प्रतिनिधित्व कम भएको अवस्थाबीच नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी (एस) र नेपाल समाजवादी पार्टी (नेसपा) एकता गर्नेगरी अघि बढेका हुन् ।

यी दलहरूबीच चुनावअघि नै सम्भव भए एकता नभए कार्यगत एकता गर्दै मोर्चाबन्दीसहित चुनावमा जाने चर्चा चलेको थियो । तर, एकता र मोर्चाबन्दी दुवै भएन । एकीकृत समाजवादीका एक जना पदाधिकारीका अनुसार नेपाली कांग्रेस नेतृत्वको तत्कालीन सत्ता गठबन्धन टुट्नसक्ने आकलनका आधारमा एकता र मोर्चाबन्दी दुवै नगरिएको हो ।

'शीर्ष नेताहरूबीच समाजवादी यात्रामै अघि बढेका दलहरू एकता गरेर जाने कि भन्ने छलफल भएको थियो । यदि, एकता नै नभएको अवस्थामा कार्यगत एकता गर्ने र मोर्चाबन्दी गरेर जाऔं भन्ने थियो,' ती नेताले भने, 'तर, गठबन्धन भत्किनसक्ने देखियो । त्यसले गर्दा 'ब्याक' भएका थियौं ।'

एकता गर्न भन्दै शनिबारसम्म माओवादी केन्द्र, जसपा र एकीकृत समाजवादीले कार्यदल गठन गरेका छन् । माओवादीले उपाध्यक्ष कृष्णबहादुर महराको संयोजकत्वमा महासचिव देवप्रसाद गुरुङ, उपमहासचिवहरू गिरिराजमणि पोखरेल, जनार्दन शर्मा र शक्ति बस्नेत सदस्य रहेको कार्यदल शनिबार गठन गऱ्यो । संयोजक महराले कार्यदलले बृहत् वाम एकताको पहल गर्ने बताए ।

कार्यदलले पहिलो चरणमा डा. बाबुराम भट्टराई नेतृत्वको नेसपालाई एकता प्रक्रियामा ल्याउने भएको छ । त्यसका लागि वार्ता गर्ने कार्यदल सदस्य बस्नेतले बताए । 'नेसपाले कार्यदल बनाएको छैन । बनाएपछि हामी एकताबारे संवाद गर्छौं । के-के मा समझदारी कायम गर्न सकिन्छ ? त्यसबारेमा छलफल गर्छौं,' कार्यदलका सदस्य बस्नेतले बताए ।

गत चुनावमा नेसपाका उम्मेदवारहरूले माओवादीकै चुनाव चिह्न गोलाकारभित्रको हँसिया हथौडा लिएर चुनावमा प्रतिस्पर्धा गरेका थिए । संघीय संसद्मा हँसिया हथौडाबाटै महेन्द्रराय यादव निर्वाचित भएका छन् । नेसपा अध्यक्ष भट्टराई यसअघि माओवादीबाटै छुट्टिएका नेता हुन् ।

माओवादी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल र अध्यक्ष भट्टराईबीच बालुवाटारमा शनिबार भेटवार्ता भयो । दुई नेताको भेटवार्तापछि उक्त पार्टीका सहअध्यक्ष गंगानारायण श्रेष्ठले आइतबार पार्टीको राजनीतिक समितिको बैठक बस्ने र माओवादीसँग एकता गर्नेबारे संवाद गर्न कार्यदल बनाउने पत्रकारहरूलाई बताए ।

९ असोज २०७२ मा भट्टराई, श्रेष्ठलगायत नेताले दाहाल नेतृत्वको माओवादी परित्याग गरेका थिए । लगत्तै कम्युनिस्ट कित्ताबाट उनीहरू अलग भए । राजनीतिक क्रान्ति पूरा भएको र आर्थिक क्रान्तिमात्रै पूरा गर्न बाँकी रहेको निष्कर्ष निकाल्दै नयाँ शक्ति नेपाल गठन गरे ।

२०७४ को चुनावमा अपेक्षाकृत सफलता प्राप्त नगरेपछि उपेन्द्र यादव नेतृत्वको तत्कालीन संघीय समाजवादी फोरम नेपालसँग एकता गर्दै संघीय समाजवादी पार्टी बनाएर राष्ट्रिय जनता पार्टी (राजसपा)सँग एकता गरे । दलको नाम जनता समाजवादी पार्टी (जसपा) बन्यो । तर, यो दलबाट पनि भट्टराई यही वर्ष अलग भएर नेसपा गठन गरेका हुन् । सो दललाई माओवादीमा मिसाउँदै भट्टराई सात वर्षपछि माओवादीमै फर्किन लागेका हुन् । त्यसका लागि कार्यदल गठन गर्ने भएको हो ।

उपेन्द्र यादव नेतृत्वको जसपाले त गत बुधबार नै कार्यदल गठन गरिसकेको हो । कार्यदलमा संयोजक सहअध्यक्ष राजेन्द्र श्रेष्ठ तथा गोविन्द चौधरी र रकम चेम्जोङ सदस्य छन् ।

विचार मिल्ने दलहरूसँग (**बाँकी पृष्ठ २ मा**)

## घमण्ड गरेर बस्नुको अर्थ छैन : ओली

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई एकता प्रक्रियामा आउन आग्रह गरेका छन् । उनले घुमाउरो शैलीमा यस्तो आग्रह गरेका हुन् । ओलीले घमण्ड गरि बस्नुको अर्थ नभएको बताए ।

'हामीबाट छुटेर गएकाहरू, टर्च बालेर खोज्नुपर्छ भन्नेहरू राष्ट्रिय पार्टीको हैसियतमा छैनन् । बुझ्नपऱ्यो नि । अब जुरो हल्लाएर काम छैन, सुरुसुर देश र जनताको निम्ति काम गर्न आउनुपऱ्यो,' सांसदहरूलाई शनिबार प्रशिक्षण दिँदै ओलीले भने ।

उनले पार्टी एकता कायम भएको भए गत चुनावबाट एमालेले दुई तिहाइ बहुमत ल्याउने दाबी गरे । पार्टी विभाजनले चुनावमा असर गरेको उनले बताए । एकीकृत समाजवादीलाई एमालेमै समाहित गर्न प्रयास भइरहेका बेला ओलीको यस्तो भनाइ आएको हो । नेपाली कांग्रेससँगको गठबन्धन तोडेर नयाँ गठबन्धनको सरकार बनेसँगै एमालेका दोस्रो तहका नेताहरूले एकीकृत समाजवादीका नेताहरूसँग पार्टी एकताका लागि संवाद गरिरहेका छन् ।

सन्दर्भ : वैदेशिक रोजगार

## आजदेखि सातै प्रदेशबाट श्रम स्वीकृति

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने श्रमिकले अब सातै प्रदेशबाट श्रम स्वीकृतिको सेवा पाउने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आजदेखि जनकपुर र विराटनगरबाट समेत संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति सेवा सुरु गर्दै छ । मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारका लागि काठमाडौंमा मात्रै केन्द्रीकृत रहेको श्रम स्वीकृति प्रणालीलाई विभिन्न प्रदेश कार्यालयमार्फत सेवा दिनेक्रममा जनकपुर र विराटनगरबाट पनि सुरु गर्न लागेको हो ।

मधेस प्रदेशको जनकपुर र प्रदेश १ को विराटनगरबाट सबैखाले श्रम स्वीकृति सुरु गरेसँगै अब सातै प्रदेशबाट श्रम स्वीकृति लिन सकिनेछ । यसअघि मन्त्रालयले काठमाडौंसहित पोखरा, बुटवल, सुर्खेत र धनगढीबाट श्रम स्वीकृति तथा नवीकरण सेवा प्रदान गर्दै आएको थियो । काठमाडौं केन्द्रित सेवालाई विकेन्द्रित गर्दै लैजाने सरकारको नीतिबमोजिम वैदेशिक रोजगार कार्यालय ताहचलबाट प्रदान गर्दै आएको वैदेशिक रोजगारीका लागि संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृतिलगायतका सेवाहरू सातै प्रदेशबाट सुरु गरेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले बिहीबार एक विज्ञप्ति जारी गर्दै हालैका दिनहरूमा श्रम तथा रोजगार कार्यालयहरू पोखरा र बुटबल, सुर्खेत, धनगढीमा विस्तार गरी पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति र संस्थागत श्रम स्वीकृति सेवा प्रवाह गर्ने कार्य हुँदै आएको उल्लेख गरेको छ ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई सुविधाका लागि छिटो, छरितोरूपमा




जनकपुर र विराटनगरबाट पनि संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति सेवा सुरू

श्रम स्वीकृति प्रदान गर्दै सेवालाई थप विस्तार गरी आज (पुस २४ गते) देखि श्रम तथा रोजगार कार्यालय विराटनगर र जनकपुरबाट संस्थागत श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति दिनेगरी व्यवस्था गरिएको मन्त्रालयका सचिव एकनारायण अर्यालले बताए । उनका अनुसार वैदेशिक रोजगार कार्यालय पोखरा र बुटवलबाट केही समयअघिदेखि नै संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति सेवा प्रदान हुँदै आएको छ भने सुर्खेत र धनगढीबाट पनि सेवा सञ्चालनमा रहेको छ ।

श्रम स्वीकृतिका लागि भौतिकरूपमा उपस्थित हुनुपर्ने विगतको व्यवस्थालाई अनलाइन प्रणालीमार्फत सबै किसिमका श्रम स्वीकृति लिन सकिने सेवामा आएको सुधारकै निरन्तरतास्वरूप श्रम तथा रोजगार कार्यालय विराटनगर र जनकपुरबाट पनि आइतबारदेखि सेवा लिन सकिने मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए ।

मन्त्रालयले कम्प्युटर प्रणालीबाट नै निर्धारण हुने मिति र समयका आधारमा स्वीकृति प्रदान गर्ने प्रणाली भएकाले समयमै आवेदन नदिने र अन्तिम समयमा श्रम स्वीकृति लिन खोज्दा समस्या हुँदै आएको जनाएको छ । अनलाइन प्रणालीविपरीत अन्तिम समयमा मात्र पेस गर्ने प्रवृत्ति देखिनु प्रणाली सुधारका दृष्टिकोणले उपयुक्त नभएकोले समयमै आवेदन गर्नसमेत मन्त्रालयले आग्रह गरेको छ । मन्त्रालयले पछिल्लो समय सबैखाले सेवालाई 'फेसलेस', 'पेपरलेस' र 'क्यास लेस' बनाउने उद्देश्यका साथ अनलाइन प्रणालीको विकास गरेको र सोहीअनुरूप छिटो र सरल सेवा लिन सकिने जनाएको छ ।

## आप्रवासी कामदारको पक्षमा मलेसिया सरकार

**काठमाडौं (प्रस)–** मलेसिया सरकारले आप्रवासी कामदारलाई राम्रो व्यवहार र आवास सुविधा नदिने रोजगारदातालाई नयाँ कामदार ल्याउने मागपत्र स्वीकृति नदिने भएको छ । उचित व्यवहार, आवासस्थल नदिने र कालोसूचीमा परेका रोजगारदाताहरूले विदेशी श्रमिक ल्याउन दिएको आवेदन स्वीकृत नहुने त्यहाँको श्रम मन्त्रालयले जनाएको छ ।

मलेसियाको सरकारी सञ्चारमाध्यम बर्नमाका अनुसार गत वर्ष विदेशी श्रमिक ल्याउन प्राप्त १६ लाख आवेदनमध्ये ४३ प्रतिशत आवेदनको स्वीकृति मानव संसाधन मन्त्रालयले दिएको थियो । बर्नमाले सन् २०२२ मा छ लाख ७६ हजार विदेशी श्रमिक ल्याउन स्वीकृति दिएको उल्लेख गरेको छ ।

मलेसियाका श्रममन्त्री भी शिवकुमारका अनुसार विदेशी श्रमिकलाई उचित आवास सुविधा नदिने रोजगारदाताहरूले थप श्रमिक ल्याउन पाउने छैनन् । 'हामीलाई अरुले निगरानी गरिरहेका छन्,' मन्त्री शिवकुमारले भनेका छन्, 'त्यसैले हामी यसमा सजग रहनै पर्दछ ।' मुलुकको प्रतिष्ठासमेत जोडिएको विषय भएका कारण यसमा ध्यान दिन उनले आग्रह गरेका छन् ।

मानव संशाधन मन्त्रालयका अनुसार मलेसियामा हाल १४ लाख विदेशी श्रमिक वैधानिकरूपमा कार्यरत छन् । सन् २०२३ को पहिलो चार महिनाभित्रमा मलेसियामा विदेशी श्रमिकको संख्या १९ लाख पुग्ने अनुमान गरिएको छ ।



# साझाको विद्युतीय बसमा राष्ट्रपति



**पाटन–** राष्ट्रपति विद्यादेवी भण्डारी साझा यातायातको विद्युतीय बसमा ललितपुरको पाटनढोका पुगेकी छन् । उनी शनिबार दिउँसो शीतलनिवासबाट विद्युतीय बसमा पाटनढोका आइपुगेकी हुन् ।

हाकुपटासीमा सजिएर पाटन पुगेकी राष्ट्रपति भण्डारीलाई ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले पुष्पगुच्छाले स्वागत गरेका थिए । उनले पाटनढोकामा रहेको मदन पुरस्कार पुस्तकालयकोसमेत अवलोकन गरिन् । राष्ट्रपति भण्डारीले पुस्तकालयमा रहेको हस्तलिखित स्वस्थानी व्रतकथाको अध्ययन गरेकी थिइन् ।

पुस्तकालयको अवलोकनपश्चात् राष्ट्रपति भण्डारी हिँडेर अवलोकनका लागि पिम्बहाः पुखु पुगेकी थिइन् । पिम्बहाः मा उनले नेवारी भजन ग्रहणसँगै पिम्बहाः पुखुको इतिहासका बारेमा जानकारी लिएकी थिइन् । काठमाडौंको रानीपोखरीभन्दा पुरानो पिम्बहाः पुखुको पुरानो नाम जगमदु पुखु हो । पुस्तकालय र पिम्बहाः पुखुको अवलोकनपश्चात् पुनः राष्ट्रपति भण्डारी साझाको विद्युतीय बसमा शीतलनिवास फर्केकी थिइन् ।

# कामपाका नमूना विद्यालयलाई ९० लाख

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले तीन नमूना विद्यालयलाई ९० लाख रूपैयाँ रकम उपलब्ध गराएको छ । कामपाले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा नै नमूना विद्यालय घोषणा गरेको ऐतिहासिक दरबार हाइस्कुल हाताभित्र सञ्चालित भानु माध्यमिक विद्यालय र संस्कृत माध्यमिक विद्यालय तथा क्षेत्रपाटीस्थित कन्या माध्यमिक विद्यालयलाई ३० लाख रूपैयाँका दरले रकम उपलब्ध गराएको हो ।

कामपाले चालु आवमा नमूना विद्यालयका लागि एक करोड रूपैयाँ बजेट विनियोजन गरेको थियो । विशेषगरी नमूना विद्यालयमा प्रविधिको सहज पहुँच, विद्यार्थीको अनुपातमा विषयगत शिक्षक दरबन्दी, प्रविधिमैत्री तथा गुणस्तरीय शिक्षा, अन्य विद्यालयमा भन्दा आकर्षक आन्तरिक कार्यक्रमजस्ता विषय समावेश हुनुपर्छ ।

तीनवटै विद्यालयले उपलब्ध रकमबाट थप भौतिक पूर्वाधार सुधार र अन्य केही फरक किसिमको सिकाइका कार्यक्रम गर्नुपर्ने कामपा शिक्षा विभाग प्रमुख




रामप्रसाद सुवेदीले जानकारी दिए । उनका अनुसार विद्यालयले उक्त रकम कुन शीर्षकमा खर्च गर्ने भनी तयार पारेको प्रस्ताव कामपामा बुझाइसकेका छन् । अब प्रस्तावअनुसार काम भयो भएन भने कामपाले अनुगमन गर्नेछ ।

कामपाका नमूना विद्यालयमा ऐतिहासिक सम्पदा, कृषि र कलाको बारेमा पठनपाठन गराइने तयारी छ । नमूना विद्यालयअन्तर्गत कन्या माध्यमिक विद्यालयमा ऐतिहासिक सम्पदा र वातावरण संरक्षण कसरी गर्ने भन्नेबारे अध्ययन गराइन्छ ।

त्यसैगरी संस्कृत विद्यालयमा सहरी खेती कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिन्छ । जुन हाम्रो दैनिक जीवनमा उपयोगी हुनसक्छ । सहरमा प्रशस्त खुला स्थान छैन थोरै ठाउँमा पनि कसरी कृषि कार्य गर्न सकिन्छ भन्नेबारे सिकाइन्छ । त्यस्तै भानु माविमा भने कला र संस्कृतिको विषयमा पठनपाठन गर्ने तयारी रहेको छ । पछिल्लो समय कलाको आवश्यकता यसको संरक्षणजस्ता विषय यसमा समावेश हुने छन् । जसका लागि ललितकलासँग समन्वय गरेर अघि बढ्ने तयारी कामपाको रहेको छ ।

हाल कामपामा ८९ वटा सामुदायिक विद्यालय छन् । जसमा ५९ माध्यमिक विद्यालय छन् भने ३० प्राथमिक विद्यालय छन् जसमा ५२ हजार विद्यार्थीले अध्ययन गर्दछन् । त्यसैगरी पाँच सय ४० निजी विद्यालयमा एक लाख ५० हजार विद्यार्थी अध्ययनरत छन् ।

# चैत ५ मा स्ववियु निर्वाचन

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन आगामी चैत ५ गते गर्ने निर्णय गरेको छ । शुक्रबार बसेको त्रिवि कार्यकारी परिषद्ले सो निर्णय गरेको त्रिविका रजिस्ट्रार प्रा.डा. पेशल दाहालले जानकारी दिए ।

उनका अनुसार परिषद्ले नै स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समिति गठन गर्नेछ । समितिले स्ववियु कार्यतालिका प्रकाशन गर्नेछ । यही पुस २१ गते त्रिवि विद्यार्थी कल्याण परिषद्को बैठकले आगामी चैत ५ गते स्ववियु निर्वाचन गर्नका लागि त्रिवि कार्यकारी परिषद्लाई सिफारिस गरेको थियो । उनले विद्यार्थी कल्याण परिषद्ले सिफारिस गरेअनुसार नै स्ववियु निर्वाचन गर्ने निर्णय गरेको बताए ।

सबै विद्यार्थी संगठनको सल्लाह र परीक्षा, भर्ना कार्यतालिकालाई असर नपर्ने गरी विद्यार्थी कल्याण परिषद्ले निर्वाचनको मिति तय गरेको हो । त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले त्रिवि कार्यकारी परिषद्ले निर्णय गरेसँगै आफू अब स्ववियु निर्वाचनको तयारीमा लाग्ने बताए ।

त्रिविले स्ववियु निर्वाचनका सम्बन्धमा त्रिवि पदाधिकारी, विभाग, संस्थान, नौ वटै संकायका डीन र परीक्षा नियन्त्रक तथा सबै विद्यार्थी संगठनका अध्यक्ष छलफल गरेको थियो । त्रिविले स्ववियु निर्वाचन गर्न पटक-पटक पहल गरे पनि हुन सकेको छैन । त्रिवि क्याम्पसमा विगत एक दशकदेखि स्ववियु निर्वाचन हुन सकेको छैन । प्रत्येक दुई-दुई वर्षमा हुने निर्वाचन २०६५ साल यता नियमित हुन नसकेको हो ।

वि.सं. २०६५ साल चैत ६ गतेपछि एकै पटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो । त्यतिबेला देशैभरि त्रिविका ६२ आंगिक क्याम्पसमध्ये रत्नराज्य क्याम्पस (आरआर), जनप्रशासन क्याम्पससहित उपत्यकामा नौ वटा आंगिक र उपत्यकाबाहिर १७ क्याम्पसमा मात्र स्ववियु निर्वाचन भएको थियो ।

यस्तै उपत्यकाका १३ क्याम्पस र उपत्यकाबाहिर २३ वटा आंगिक क्याम्पसमा निर्वाचन हुन नसकेको थिएन । त्रिविमा ६२ आंगिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् । स्ववियु निर्वाचन २८ वर्ष उमेरहदवन्दी र मिश्रित निर्वाचन प्रणाली लागू गरिएको छ ।

## चार दल...

पृष्ठ १ बाट जारी

एकता गर्न भन्दै मंगलबार र बुधबार बसेको राजनीतिक समितिको बैठकले कार्यदल गठन गरेको हो । कार्यदल सदस्य चेम्जोङले औपचारिकरूपमा छलफल र संवाद गर्न विचार मिल्ने दलहरूको कार्यदलसँग छलफल थालिने बताए ।

'हामीले सुरुमै कार्यदल गठन गऱ्यौं । हामीपछि अन्य दलहरूले पनि कार्यदल गठन गर्दै छन्,' उनले प्रभावसँग भने, 'औपचारिक संयन्त्र बनेपछि छलफल गर्छौं । पार्टी एकता गरेर कि कार्यगत एकता वा मोर्चाबन्दी गरेर अघि बढ्ने भन्नेमा छलफल हुन्छ ।'

जसपामा पूर्वएमाले नेताहरूको बाहुल्यता छ । अध्यक्ष यादवदेखि सहअध्यक्ष श्रेष्ठ, चेम्जोङलगायत थुप्रै नेताहरूले लामो समय एमालेमा राजनीति गरेका थिए । उनीहरूले संविधान बन्नुभन्दा पहिले एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई पहिचान र संघीयताविरोधी कित्तामा उभ्याएको भन्दै असन्तुष्ट भएर एमाले परित्याग गरेका हुन् ।

जसपाले पनि डा. भट्टराईले जसरी कम्युनिस्ट दर्शन नै त्याग्यो । समाजवादलाई भने अँगालेको छ । जसपाले माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीसँग एकता प्रक्रिया अगाडि बढाएको छ । पार्टी प्रवक्ता मनिष सुमनले छिट्टै एकीकृत समाजवादीसँग एकता हुन सक्ने यसअघि नै बताइसकेका छन् ।

जसपाले पहिलो चरणमा एकता गर्न लागेको नेपाल नेतृत्वको दल भने केपी शर्मा ओलीले दुईपटक संसद् विघटन गरेर प्रतिगमन गरेको भन्दै एमालेबाट अलग भएका नेताहरूको दल हो । यसरी ओलीले प्रतिगमन गरेको भनेर अलग भएका नेताहरूको दल र संघीयतासँगै पहिचानविरोधी भएको भन्दै अलग भएका नेताहरूको दल जसपा एकता प्रक्रियामा अघि बढेका हुन् । एकीकृत समाजवादीको बिहीबार बसेको सचिवालय बैठकले महासचिव डा. बेदुराम भुसाल संयोजक, सदस्यहरू डा. गंगालाल तुलाधर, प्रकाश ज्वाला र डा. विजय पौडेल सदस्य रहेको कार्यदल गठन गरेको छ ।

पहिलो चरणमा माओवादी-नेसपा र जसपा-एकीकृत समाजवादीबीच एकता हुने भएको छ । त्यसपछि बन्ने दुई दलबीच एकता हुने माओवादीका एक पदाधिकारीले बताए । संसद्मा यी चार दलबीच एकता भए ५४ सिट हुनेछ । तेस्रो महत्त्वपूर्ण शक्ति मात्र होइन, सरकार गठनमा निर्णायक शक्ति पनि हुनेछ ।

## संसदमा...

पृष्ठ १ बाट जारी

बैठक प्रारम्भ हुनुभन्दा पहिला केही महत्त्वपूर्ण जानकारी नवनिर्वाचित सांसदलाई दिनका लागि बैठक आयोजना गरेको हो । भोलि पुस २५ गते प्रतिनिधिसभाको बैठक बोलाइएको छ ।

पुस २६ गते प्रधानमन्त्रीले प्रतिनिधिसभामा विश्वासको मतका लागि प्रस्ताव पेस गर्ने छन् । त्यसको प्रक्रिया के हुन्छ र कसरी हुन्छ भन्नेबारेमा कांग्रेसले आफ्ना सांसदहरूलाई जानकारी गराएको बताइएको छ । संघीय संसद्मा कांग्रेसले निर्वाह गर्ने भूमिका र त्यसका लागि गर्नुपर्ने तयारीका बारेमासमेत बैठकमा जानकारी गराइएको मुख्य सचेतक लेखकले बताए ।

संसदीय दलको अर्को बैठक यही पुस २६ गते संसद् भवन बानेश्वरको ल्होत्से हलमा बस्ने उनले जानकारी दिए । 'विश्वासको मतको प्रस्तावका बारेमा त्यही बैठकबाट निर्णय हुनेछ,' मुख्य सचेतक लेखकले भने, 'हामी कुनै नयाँ गठबन्धन बनाउने र अहिलेको भत्काउने कामका लागेका छैनौं ।'

गत ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबाट कांग्रेसले प्रतिनिधिसभामा ८९ सिट जितेर सबैभन्दा ठूलो दल बने पनि प्रतिपक्षमा बस्नु परेको अवस्था छ । कांग्रेससहितका दलहरूसँग गठबन्धनमा रहेको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेकपा एमाले नेतृत्वको नयाँ गठबन्धनबाट प्रधानमन्त्री बनेपछि कांग्रेस प्रतिपक्षमा बस्नुपर्ने अवस्था आएको हो ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७१/०४/३० मा दर्ता भएको **प्रवासी मिडिया प्रा.लि. (प्रा.लि.नं. १२५५२१)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दाबीको लागि ३५ दिनभित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**भिम बहादुर बस्नेत**
**सहायक रजिष्ट्रार**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०४/०४ मा दर्ता भएको प्रा. लि. नं.१५२१७५ को लालि **गुराँस लिड लाइट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०९/२१ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**Yangwarak Rural Municipality**
**Office of Rural Municipal Executive**
**Tharpu, Panchthar**

**Invitation for Bids**

First Publication Date: 2079/09/24

1. The Yangwarak Rural Municipality invites electronic bids from eligible bidders for the following procurement category under the respective procurement method.

| S. N. | Procurement Category | Procurement Method | Contract Identification No | Description of Works | Estimated Cost Including Vat | Bid Security Amount (Nrs.) |
|---|---|---|---|---|---|---|
| 1. | Works | NCB- Single Envelope | *YRM/NCB/Works/ No-05-2079/080* | Construction of Oyam Khanepani Aayojana, Yangwarak-3, Panchthar | Rs.34,50,332.6[?] | 90,000 |
| 2. | Works | NCB- Single Envelope | *YRM/NCB/Goods-06-2079/080* | The procurement of HDPE Pipes, Gabion boxes and CGI sheet | | 55,000 |

Eligible Bidders may obtain further information at the Office of Rural Municipal Executive, Yangwarak Rural Municipality, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp or via office website and Facebook page.



**कर्जा नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/०९/२४**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जाको यस संस्थासँग कर्जा लिंदा गरेको शर्त सम्झौता बमोजिम तिर्नु बुझाउनु पर्ने साँवा ब्याज, अन्य दैदस्तुर समेत तिर्न बुझाउनका लागि निजलाई पटक-पटक मौखिक तथा लिखित रूपमा ताकेता गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरूको उल्लङ्घन गर्नुभएकोले कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थामा उपस्थित भई संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज, हर्जना अन्य दैदस्तुर समेत) चुक्ता भुक्तानी गर्नुहोला । अन्यथा कर्जा लिंदा संस्थालाई धितो लेखी दिएको तपसिलको अचल सम्पति सहकारी ऐन २०७४ र नियमावली २०७५ बमोजिम लिलाम बिक्री गरी कर्जा असुलउपर गरिने ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस संस्थालाई लेखी दिएको धितोबाट संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा ऋणीको अन्य चलअचल सम्पतिबाट समेत लेना बाँकी रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | | जमानीकर्ताको विवरण | |
|---|---|---|---|
| **ऋणी :- राजेन्द्रर सिंह**<br>बाबुको नाम : रामवृक्ष महत्तो<br>बाजेको नाम : राम लखन महत्तो<br>ठेगाना : जनकपुर महोत्तरी सिस्वाकटैया-९ को परिवर्तित गौशाला न.पा.वडा नं.३<br>नागरिकता नं. : ८५०८१२६१<br>जारी मिति २०४४/१२/११, महोत्तरी<br>हालको ठेगाना : का.म.न.पा.-३२, कोटेश्वर, काठमाडौं |  | **नाम :- सुरेश साह**<br>बाबुको नाम : राजेन्द्रर सिंह<br>बाजेको नाम : रामवृक्ष महत्तो<br>ठेगाना : महोत्तरी जिल्ला गौशाला न.पा.८ |  |

**धितोको विवरण**

**ऋणी राजेन्द्रर सिंहको नाममा दर्ता रहेको जिल्ला महोत्तरी महोत्तरी शिवभक्तिखोर वडा नं.६ (ग) कि.नं.१५९, १५६, १५८ को क्रमशः क्षेत्रफल ०-५-१८-१/२, ०-७-१८-० र ०-५-१८/१/२ व.मि.**

**बछ्लेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.**
**कोटेश्वर-३२ काठमाडौं**
**फोन नं.०१-४६००७५१, ४६०१९१४**
**E-mail: bachhaleshworicooperative@gmail.com**



**खानेपानीको ट्यांकी** | मुगुको सदरमुकाम गमगढीबाट खानेपानीको ट्यांकी लिएर गाउँतिर जाँदै गरेका सर्वसाधारण ।

*तस्बिरः रामदेवी खड्का/रासस*

# २५ करोडमा बनेको होल्डिङ सेन्टर प्रयोगविहीन

■ चन्द्रकला भण्डारी

**झापा–** एक हजार जनालाई एकैपटकमा आवासीय सेवा दिने क्षमताको होल्डिङ सेन्टर मेचीनगर नगरपालिकाको वडा नं १४ मा निर्माण भएको आठ महिना बितिसक्यो । सरकारले यसलाई सञ्चालनमा ल्याउन नसक्दा राज्यको ठूलो लगानी प्रयोगविहीन बनेको छ ।

कोभिड-१९ को विश्वव्यापी महामारी फैलिएपछि सरकारले सातै प्रदेश र उपत्यकामा सुविधा सम्पन्न होल्डिङ सेन्टर निर्माण गरेको हो । मेचीनगरमा निर्माण भएको उक्त संरचना प्रदेशस्तरीय हो । २०७८ असारमा सरकारले ठेक्का दिएपछि नेपाली सेनाको अनुगमनमा नौ महिनामै होल्डिङ सेन्टरका भौतिक संरचना तयार भएका थिए । पूर्वीनाका काँकडभिट्टाबाट प्रवेश गर्ने सम्भावित कोभिड संक्रमितलाई राख्न भनेर निर्माण गरिएको यसमा २५ करोड रूपैयाँ लगानी भएको छ ।

नेपालमा कोभिड-१९ को नयाँ लहर आउने त्रास छ । पहिलो लहर टरिसकेपछि दोस्रो लहरका बेला यो होल्डिङ सेन्टरको अवधारणा आएको हो । काँकडभिट्टालगायत देशका प्रमुख नाकाबाट दिनहुँ हजारौंको संख्यामा भित्रिने नेपाली र विदेशीलाई कोभिड संक्रमण भएको शंका लागेमा कहाँ लगेर राख्ने र परीक्षणको प्रक्रिया अपनाउने भन्ने विषयमा विज्ञको सल्लाहबमोजिम सरकारले मेचीनगर-१४ दुहागढीस्थित हँडिया खोलाको किनारमा यो संरचना बनाएको नेपाल रेडक्रस सोसाइटीका जिल्ला अध्यक्ष लोकराज ढकालले बताए ।

'होल्डिङ सेन्टर बनाउने सम्झौता हुँदा नेपाली सेनाले अनुगमन गर्ने भन्ने निर्णय भएको थियो, तर कसले सञ्चालन गर्ने निधो गरिएको थिएन,' यसको सम्झौता अवधिदेखि नजिक रहेर काम गरेका अध्यक्ष ढकालले भने, 'अहिले संरचना बनिसक्यो, कसलाई हस्तान्तरण गर्ने भन्ने अन्योल कायमै छ ।'

उनले नेपाली सेनाको अनुगमनमा होल्डिङ सेन्टरका सबै संरचना राम्रो बनेको र अब स्थानीय सरकार वा प्रदेश सरकारमध्ये कुनै एउटालाई सञ्चालनको जिम्मेवारी दिनुपर्ने धारणा व्यक्त गरे । करोडौं लगानी गरेर बनाइसकेपछि त्यसको उपयोग गर्नेबारेमा सरकारको ढिलाइ देखेर नागरिक समाज रुष्ट छ । 'कोरोनाको नयाँ लहरले चीन र भारतमा खतराको घण्टी बजाइसक्यो, यता होल्डिङ सेन्टर सञ्चालनको कुनै तयारी छैन,' नागरिक अगुवा गोविन्द न्यौपानेले भने ।

उनले कोभिड महामारीका लागि बनेको भए पनि सधैँभरि त्यस्तो महामारी नरहने भएकाले यति ठूलो भौतिक संरचनालाई अरु महत्त्वपूर्ण कार्यमा उपयोग गर्न सकिनेतर्फसमेत सोच्न आवश्यक रहेको बताए । 'प्रदेशस्तरीय सुधार गृह बनाउने भन्ने पनि मैले चर्चा सुनेको थिएँ, लागुऔषधका प्रयोगकर्तालाई सुधार गर्न यसको उपयोग गर्न उपयुक्त हुन्छ कि हुँदैन भन्ने कुनै अध्ययन भएको चाहिँ थाहा छैन,' न्यौपानेले भने ।

कोरोना मात्र नभएर अरु कुनै पनि संक्रामक महामारी फैलिएमा जोखिम न्यूनीकरण र विपत् व्यवस्थापनमा सरकार तयारी हालतमा रहनुपर्ने जनाउँदै उनले मेचीनगरमा बनेको होल्डिङ सेन्टर कसरी र कसले सञ्चालन गर्ने भन्ने विषयमा सरकार छिटो निर्णयमा पुग्नुपर्ने धारणा व्यक्त गरे ।

सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपालले होल्डिङ सेन्टर सञ्चालनको आवश्यक गृहकार्य भइरहेको बताए । 'डिसिएमसीको हालै सम्पन्न बैठकमा यसको सञ्चालनबारेमा छलफल भएको थियो,' उनी भन्छन्, 'बनिसकेको संरचना छिटो सञ्चालनमा ल्याउन पहल र छलफल भइरहेको छ ।' रेखदेख गरिरहेको नेपाली सेनालाई तत्काल १०० शचया तयारी अवस्थामा राख्न आग्रह गरिएको सहायक प्रजिअ नेपालले बताए ।

प्रदेश १ का स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. सुरेश मेहताले होल्डिङ सेन्टरको निर्माणको विषय गृह मन्त्रालयअन्तर्गत रहेको जनाउँदै महामारीले निम्त्याउने जोखिम न्यूनीकरणका लागि यस्ता संरचना हरहालतमा तयारी राखिन आवश्यक रहेको बताए ।

**के छ होल्डिङ सेन्टरमा**

मेचीनगर नगरपालिकाले प्रदान गरेको चार बिघा जग्गामा बनेको होल्डिङ सेन्टरमा एकै डिजाइनका २२ अत्याधुनिक पक्की भवन छन् । त्यसमा १४ क्वारेन्टिन, एक/एक चिकित्साकर्मी र अन्य स्वास्थ्यकर्मीका आवासगृह, १२ डाइनिङ हल, तीन भान्सा र १६ शौचालय भवन रहेका छन् ।

निर्माण भएपछि प्रयोगमा नआउँदा कति सामान काम नलाग्ने भए कि भएनन् भन्ने निश्चित छैन । हँडिया खोलाको बगरमा बनेको होल्डिङ सेन्टर क्षेत्रलाई सेनाले काँडे तारले घेराबार गरेको छ । यहाँ खानेपानी, सडक र विद्युत्को सुविधा पुगिसकेको छ । शौचालय र घेराबारसमेत भएकाले चाहेका बेला सञ्चालनमा ल्याउन सकिने अवस्था छ ।

रेडक्रस सोसाइटीका अध्यक्ष ढकालले सेन्टरमा जाने सडकमा कालोपत्र कार्य र नजिकैको खोल्सोमा पुल हाल्न बाँकी रहेको जानकारी दिए । एक साताअघि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले निर्देशन दिएपछि १०० शचया तयारी अवस्थामा रहेको र आवश्यक पर्दा एक हजार शचया जुनसुकै बेला सञ्चालनमा ल्याउन सकिने नेपाली सेनाले जनाएको छ । *रासस*

# वादी समुदायसँग प्रधानमन्त्रीको प्रतिबद्धता

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले वादी समुदायको आत्मसम्मानको रक्षा तथा जीविकोपार्जनका लागि परिणामुखी पहल गरिने बताएका छन् । प्रधानमन्त्रीनिवास बालुवाटारमा शनिबार बधाई तथा ज्ञापनपत्र बुझाउन पुगेका वादी समुदायका अगुवासँगको छलफलमा उनले आफूले पहिलोपटक प्रधानमन्त्री हुँदा वादी समुदायका पक्षमा मन्त्रिपरिषद्बाट निर्णय गरेको स्मरण गराए ।

उनले उक्त निर्णय कार्यान्वयनमा देखिएका समस्या हल गर्ने प्रतिबद्धता व्यक्त गरेको प्रधानमन्त्री दाहालका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिए । 'म पहिलोपटक प्रधानमन्त्री हुँदा वादी समुदायको आत्मसम्मान, जीविकोपार्जन र व्यवस्थित पुनःस्थापनाका लागि निर्णय गरेको स्मरण छ, इतिहासमै पहिलोपटक राज्यले औपचारिकरूपमा वादी समुदायलाई सम्बोधन गरेको पुस २३ को दिनलाई विजयोत्सवका रूपमा मनाउनुपर्छ,' उनले भने, 'वादी उत्थान विकास समितिलाई सक्रिय बनाउँदै समुदायले भोग्नुपरेका समस्या समाधान गर्न हामी सरकारका तर्फबाट प्रभावकारी पहल गर्छौं ।'

वादी समुदायका प्रतिनिधिले प्रधानमन्त्री दाहाललाई सफल कार्यकालको शुभकामना दिँदै वादी समुदायले भोग्नुपरेका शिक्षा, स्वास्थ्य, रोजगारी, नागरिकता, पुनःस्थापना र विकास समितिको सक्रियता जस्ता विषयमा ध्यानाकर्षण गराएका थिए । वादी समुदायका पक्षमा पहिलोपटक प्रधानमन्त्री हुँदा राजनीतिकरूपमा सम्बोधन गरेकामा प्रधानमन्त्री दाहाललाई धन्यवाद दिँदै उनीहरूले अहिलेको कार्यकालमा ती विषय कार्यान्वयन हुने विश्वास व्यक्त गरेका थिए ।

# विपन्नको निःशुल्क स्वास्थ्य बिमा

**मध्यविन्दु–** नवलपरासी (बर्दघाट सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिकाले अपांगता भएका र विपन्न नागरिकको निःशुल्क स्वास्थ्य बिमा गर्ने भएको छ । हुप्सेकोट गाउँ कार्यपालिकाको पहिलो बैठकले अपांगता भएका र विपन्न नागरिकको निःशुल्क स्वास्थ्य बिमा गर्ने निर्णय गरेको छ ।

गाउँपालिकाभित्रका अपांगता भएका र विपन्न नागरिकको निःशुल्क स्वास्थ्य बिमा गर्ने प्रक्रिया अघि बढाइएको गाउँपालिकाकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् । 'गाउँपालिकाले सबै नागरिकको सहज स्वास्थ्य उपचारलाई पहिलो प्राथमिकतामा राखेको हुँदा स्वास्थ्य बिमा गर्न नसक्ने अपांग र विपन्नको गाउँपालिकाले नै बिमा गर्ने छ,' उनले भनिन्, 'कार्यविधिअनुसार गरिब तथा विपन्न परिवार पहिचान गरी स्वास्थ्य बिमामा समावेश गरिनेछ ।'

निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि निर्माणको काम अन्तिम चरणमा पुगेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रप्रसाद बस्यालले बताए । सो कार्यक्रमका लागि गाउँपालिकाले चालु आर्थिक वर्षदेखि बजेटको व्यवस्था गरेको छ । *रासस*


**प्रमाण पत्रको हराएको सूचना**

मिति २०७९/०९/१७ गते कलंकीदेखि त्रिपुरेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेसन र +2 Leve को सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**तपसिल**

नाम : Prashant Prajuli
ठेगाना : Sworek-04, Syangja ( Kalanki-14, Kathmandu)
रजिष्ट्रेशन नं.712742172
सिम्वोल नं. 32702261
फोन :9840015864

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७१/०४/३० मा दर्ता भएको **प्रवासी मिडिया प्रा.लि.** (**प्रा.लि.नं.** १२५५२१) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दाबीको लागि ३५ दिनभित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**भिम बहादुर बस्नेत**
**सहायक रजिष्ट्रार**

**कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

यस कम्पनीको मिति २०७९/०८/२७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **उज्यालो काउफार्म**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **उज्यालो कन्स्ट्रक्सन कम्पनी प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०९/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **उज्यालो कन्स्ट्रक्सन कम्पनी प्रा.लि.(प्रा.लि.नं.२६९८५९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**३५ दिने सूचना**

**प्रकाशित मिति २०७९/०९/२४ गते**

बुढानिलकण्ठ नगरपालिका वडा नं ११ मा बसोबास गर्ने हर्क लामाको नाममा रहेको ५ रोपनी ८ आना जग्गा हर्क लामाको छोरा विनोद तामाङको श्रीमती कमला तामाङको नाममा नासारी गर्नु पर्ने भएकाले सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कसैको हकदाबी भएमा यथाशिघ्र सम्पर्कमा आउनु हुन अनुरोध गर्दछौं ।

**बिज बजार लिमिटेड**
काठमाण्डौं महानगरपालिका-१४,काठमाण्डौ, बागमती

**दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(**प्रथम पटक प्रकाशित मिति** २०७९/०९/०८)

यस कम्पनीको मिति २०७९।०९।०७ मा बसेको संचालक समितिको बैठकको निर्णयनुसार यस कम्पनीको **दोश्रो वार्षिक साधारण सभा** देहायको मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थान:**
मिति : २०७९ साल पुष महिना ३० गते शनिबार (जनवरी १४, २०२३)
समय : बिहान १० बजे देखि
स्थान : काठमाडौं जि. काठमाडौं म. न. पा. वडा नं. १४ स्थित कम्पनीको कर्पोरेट कार्यालयको सभाकक्ष

२. **छलफलका विषय सूचीहरू:**

(**क**) **सामान्य प्रस्तावहरू:**
१. कम्पनीको आ.व. २०७८।७९ को वार्षिक प्रतिवेदन माथि छलफल तथा पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७८।७९ को लेखा परिक्षकको प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
३. आगामी वर्ष २०७९।८० को निम्ती लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

(ख) **विशेष प्रस्तावहरू:**
१. कम्पनीको उद्देश्य थप गरी प्रबन्धपत्रको दफा ४ को उपदफा १ संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्रको दफा ६ (क) र (ख) संसोधन गरी कम्पनीको अधिकृत तथा जारी पूँजी वृद्धि गर्ने सम्बन्धमा ।
३. कम्पनीको नियमावलीको नियम ९ मा भएको अग्राधिकार शेयर सम्बन्धि व्यवस्था संसोधन गर्ने बारे ।
४. डिबेञ्चर जारी गर्ने सम्बन्धमा ।

(ग) विविध ।

**संचालक समितिको आज्ञाले कम्पनी सचिव**

**INVITATION FOR BIDS**

**Chamunda Bindrasaini Municipality**
**Office of the Municipal Executive, Dailekh**

**Invitation for Sealed Bids for procurement of Fabricated Steel Parts for Trail Bridges**

**Contract Identification No: SQ/03/2079/080**
**Second Date of Publication: 2079/09/ 24**

1. Chamunda Bindrasaini Municipality Office of the Municipal executive Dailekh invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
2. Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum Five trail bridge within last five years are eligible for the bidding. New fabricators may also apply in joint venture with an eligible fabricator having the required experience. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the minimum requirements.
3. Eligible Fabricator may obtain further information and inspect the bidding documents at Chamunda Bindrasaini Municipality Office the Municipal executive Dailekh .
4. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the Cost 1000.00 of bidding document in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank : Nepal SBI Bank Chamund Branch.**
**Name of Office : Chamunda Bindrasaini Municipality Jambukandh Dailekh**
**Office Code no. : 80106123**
**Office Account no (Rajaswa account) : ga (1.1) 41295241207004**
5. Electronic bids must be submitted to the office Chamunda Bindrasaini Municipality,Jambukandh, Dailekh through PPMO website www.bolpatra.gov.np/egp. on or before 12:00 hours on 2079/10/09 (23-January, 2023). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hours on 2079/10/09 (23-January, 2023).at the Chamunda Bindrasaini Municipality, Dailekh
7. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs 36,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:
**Information to deposit the Bid-Security Amount**
**Name of the Bank : Nepal SBI Bank Chamaunda Branch Dailekh.**
**Name of Office : Chamunda Bindrasaini Municipality Office.**
**Account name : Deposit.**
**Dharauti Account no. : ga (3) 41225240600007**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|
| Fabrication of steel parts and transportation up to road heads of Chhelahanna Trail Bridge | 12,39,469.12 | 36000.00 | 1000.00 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सेवा विस्तारसँगै प्रभावकारी बनाऊ

मुलुक संघीय प्रणालीमा गए पनि अधिकांश सेवाहरू काठमाडौंमै केन्द्रित छन्, जसले संघीयताको मर्ममाथि नै प्रश्न उठाइरहेको छ। यो विषयमा चौतर्फी आलोचनासमेत भइरहेको छ। तर, केन्द्रमा रहेकाहरूले आफूमा रहेको अधिकार तल्लो तहमा पठाउन चाहेका छैनन्। जसको परिणाम जनताले संघीय प्रणालीबाट अपेक्षा गरेका कुरा प्राप्त गर्न सकेका छैनन्।

वैदेशिक रोजगारीमा जाने नेपालीहरू देशभरकै छन्। स्वदेशमा रोजगारीको अवसर नपाउँदा बाध्य भई विदेशिनुपर्ने बाध्यताले दैनिक हजारौंको संख्यामा विभिन्न मुलुक जाने गरेका छन्। उनीहरू विदेश जानका लागि श्रम स्वीकृतिलगायत आवश्यक सबै प्रक्रियाका लागि काठमाडौंमै आउनुपर्ने बाध्यता थियो। तर, अब भने सरकारले सातै प्रदेशमा श्रम स्वीकृतिको सेवा पुऱ्याएको छ। संघीयताको मर्मविपरीत सरकारका अधिकांश सेवा काठमाडौं केन्द्रित रहेको सन्दर्भमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सातै प्रदेशमा सेवा विस्तार गर्नु राम्रो काम हो।

मन्त्रालयका अनुसार आजैदेखि वैदेशिक रोजगारीमा जाने श्रमिकले आफ्नो प्रदेशबाटै श्रम स्वीकृतिको सेवा पाउने छन्। मन्त्रालयले आजदेखि जनकपुर र विराटनगरबाट समेत संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति सेवा सुरु गर्दै छ। मधेस प्रदेशको जनकपुर र प्रदेश १ को विराटनगरबाट सबैखाले श्रम स्वीकृति सुरु गरेसँगै अब सातै प्रदेशबाट श्रम स्वीकृति लिन सकिनेछ। यसअघि मन्त्रालयले काठमाडौंसहित पोखरा, बुटवल, सुर्खेत र धनगढीबाट श्रम स्वीकृति तथा नवीकरण सेवा प्रदान गर्दै आएको थियो। काठमाडौ केन्द्रित सेवालाई विकेन्द्रित गर्दै लैजाने सरकारको नीतिबमोजिम वैदेशिक रोजगार कार्यालय ताहचलबाट प्रदान गर्दै आएको वैदेशिक रोजगारीका लागि संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृतिलगायतका सेवाहरू सातै प्रदेशबाट सुरु गरेको मन्त्रालयले जनाएको छ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई सुविधाका लागि छिटो, छरितोरूपमा श्रम स्वीकृति प्रदान गर्दै सेवालाई थप विस्तार गरी आज (पुस २४ गते) देखि श्रम तथा रोजगार कार्यालय विराटनगर र जनकपुरबाट संस्थागत श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति दिनेगरी व्यवस्था गरिएको मन्त्रालयको भनाइ छ। वैदेशिक रोजगार कार्यालय पोखरा र बुटवलबाट केही समयअघिदेखि नै संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति सेवा प्रदान हुँदै आएको छ भने सुर्खेत र धनगढीबाट पनि सेवा सञ्चालनमा रहेको छ।

श्रम स्वीकृतिका लागि भौतिकरूपमा उपस्थित हुनुपर्ने विगतको व्यवस्थालाई अनलाइन प्रणालीमार्फत सबै किसिमका श्रम स्वीकृति लिन सकिने सेवामा आएको सुधारकै निरन्तरतास्वरूप श्रम तथा रोजगार कार्यालय विराटनगर र जनकपुरबाट पनि आइतबारदेखि सेवा लिन सकिने मन्त्रालयको भनाइ छ।

यसरी श्रम स्वीकृतिको सेवा सबै प्रदेशमा विस्तार हुनु खुसीको कुरा हो। विभिन्न प्रदेशका सेवाग्राहीले अब आफ्नै प्रदेशबाट यो सेवा लिन सक्छन्। तर, सेवा विस्तारमात्र नभई त्यसलाई प्रभावकारी बनाउन पनि सरकारले ध्यान दिनुपर्छ। श्रम स्वीकृतिका लागि प्रदेशका कार्यालयहरूमा आवश्यक प्राविधिक पक्ष र जनशक्तिको व्यवस्थापन गरी उक्त सेवा प्रवाहलाई छरितो र प्रभावकारी बनाउन जरुरी छ। सेवाग्राहीलाई सहजरूपमा सेवा दिन सबै प्रदेशका कार्यालयहरू सक्षम होस्।

# गठबन्धन सरकारको महत्त्वाकांक्षा र चुनौती



पुष्पराज गिरी

सरकारको तर्फबाट प्रधानमन्त्रीले धेरै समयदेखि जनताले भोगिरहेका समस्याहरूलाई द्रुतगतिमा समाधान गर्ने भनेर सबै सरोकार र विषयगत मन्त्रालयका सचिवहरूलाई बोलाएर एक महिनाको अल्टिमेट जारी गरेका छन्। उक्त अवधिमा समाधान नभए कारणसहित जवाफ दिन भनेका छन्। सुधार नभए निर्मम ढंगबाट कारबाही गरिने चेतावनीसमेत दिए। यस्तो शैलीबाट निर्देशन जारी गरेर सरकार आगामी दिनमा कडा ढंगबाट प्रस्तुत हुने सन्देश प्रवाह गर्न प्रधानमन्त्रीले खोजेको हुनसक्छ।

गएको मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनबाट संसद्मा कुनै पनि दलको स्पष्ट बहुमत आएन। त्यही कारण गठबन्धनको सरकार बन्न पुग्यो। प्रतिनिधिसभामा तेस्रो दल बनेको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल अप्रत्यासितरूपमा प्रधानमन्त्री नियुक्त भए। अप्रत्यासित यस कारण कि उनी प्रधानमन्त्री बन्ने चर्चा निर्वाचनपछिका कैयौं दिनसम्म चलेको थिएन। निर्वाचन अगाडिदेखिकै कांग्रेससँगको गठबन्धनलाई निरन्तरता दिनेगरी पुनः सहमति भइसकेको अवस्थामा पहिलो दल नेपाली कांग्रेसले नै सरकारको नेतृत्व गर्नेमा राजनीतिक वृत्त ढुक्क थियो।

सञ्चारमाध्यमहरूमा सत्ता समीकरणलाई लिएर कांग्रेस, नेकपा एमाले, एमाले, माओवादी केन्द्र र साना दलहरूसँग द्विपक्षीय तथ त्रिपक्षीय वार्ता चलिरहेका अपुष्ट समाचारहरू आइरहेका थिए। त्यहीबीचमा कांग्रेससँगको गठबन्धन तोडेर पहिले नै सम्बन्ध टुटेको नेकपा एमालेसँग दाहालको सहमति बनेको कुरा बालकोटस्थित एमाले अध्यक्ष केपी शर्मा ओलीको बार्दलीबाट घोषणा भयो। यसरी नेपाली राजनीतिमा चामत्कारिकरूपमा दाहाल तेस्रोपटक प्रधानमन्त्री बने।

एकाएक राजनीतिमा उदाएका रवि लामिछाने नेतृत्वको दल चौथो ठूलो दल बनेर सशक्त उपस्थिति जनायो। सरकारमा पनि उपप्रधानमन्त्रीसहित गृहमन्त्रीको जिम्मेवारी राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष लामिछानेले लिएका छन्। नीति, सिद्धान्त र व्यवहार विलकुलै फरक रहेका दलहरू र नेतृत्वबाट बनेको राजनीतिक समीकरणले निर्माण गरेको गठबन्धन बन्न पुगेको छ। जुन सरकारको नेतृत्व माओवादी केन्द्रका अध्यक्ष दाहालले गरिरहेका छन्। यसर्थ पनि दाहाल प्रधानमन्त्री नियुक्तिको दृश्य अप्रत्यासित राजनीतिक परिघटना बन्न पुगेको हो।

अहिलेको सत्ता समीकरणलाई हेर्दा सरकार गठन र सञ्चालनको दृष्टिकोणबाट कठिन र असहज हुने अवस्था सहजै अनुमान गर्न सकिन्छ। संसद्मा कुनै दलको स्पष्ट बहुमत नभएको संसद् र गठबन्धनबाट सरकार निर्माण भएकाले सबै दलहरूको सहमतिमै सरकार अगाडि बढ्नुपर्ने परिस्थिति निर्माण भएको छ। सरकार गठन भएको केही दिनहरू बितिसकेका छन्। तीन उपप्रधानमन्त्रीसहित गठन भएको मन्त्रिपरिषद्लाई पूर्णता दिने तयारीमा गठबन्धन छ। प्रधानमन्त्रीले यही पुस २६ गते संसद्मा विश्वासको मत लिने तयारी गरेका छन्।

सरकार गठन नहुँदैदेखि प्रधानमन्त्री दाहालले 'भाषण गरेर होइन, काम गरेर देखाउने' भन्दै आएका थिए। प्रधानमन्त्री बनेलगत्तै उनले केही गरेर देखाउने होकि भनेझैं कडा निर्देशन जारी गरे, जुन यतिबेला चर्चाको विषय बनेको छ। प्रधानमन्त्री दाहालले नेपाल सरकारका सबै सचिवहरूलाई बोलाएर ३० बुँदे निर्देशन दिए। ३० बुँदेमा जनचासो र हिजोआज सहजै देख्न सकिने राहदानी, सवारीचालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र, कर कार्यालयलगायतका क्षेत्रमा लाग्ने गरेको लामो लाइन हटाउनेजस्ता विषयहरूलाई समाधान गर्ने उद्देश्य रहेको देखिन्छ।

यसैगरी शुक्रबार मात्र गठबन्धनमा आबद्ध दलहरूले सरकारका लागि नीतिगत प्राथमिकता र कार्यक्रम तय गरेका छन्। दलहरूको बैठकले पारित गरेको कार्यक्रममा एक महिनाभित्र नागरिकता समस्या समाधान गर्ने र संसद्को पहिलो अधिवेशनबाट १२ वटा कानुन संशोधन गर्ने विषय छ। कार्यक्रममा 'सरकारले पूर्णता पाएको एक महिनाभित्र नेपाली नागरिकका सन्तानले नागरिकता नपाउने अवस्थाको अन्त्य गर्ने, संसद्को पहिलो अधिवेशनबाट नागरिकतासम्बन्धी अन्य समस्या समाधान गर्नेजस्ता महत्त्वाकांक्षी विषय छन्। सबै नेपालीलाई एक वर्षभित्र राष्ट्रिय परिचयपत्र वितरण गरिसक्ने, त्यस्तै सरकारले संसद्को पहिलो अधिवेशनबाट १२ वटा कानुन संशोधन गरेर सुशासन प्रत्याभूति दिने प्रतिबद्धता जनाएको छ।

यस्तै राष्ट्रिय महत्त्वका पूर्वाधार आयोजनाको शीघ्र कार्यान्वयनसँग सम्बन्धित ऐन, नागरिकता सम्बन्धी ऐन, नेपाल प्रहरी तथा प्रदेश प्रहरी (समायोजनसमेत) ऐन, सार्वजनिक यातायात सेवा ऐन, स्थानीय प्रशासन ऐन, लगायतका राष्ट्रिय महत्त्वका र जनताको दैनिकीसँग प्रत्यक्ष जोडिएका ऐनहरू रहेका छन्। यसले सरकारले द्रुत गतिमा काग गर्न लागेको आभास दिलाएको छ। तर, नागरिकताजस्तो पटक-पटक विवाद सिर्जना भइरहेको विषयमा द्रुत गतिको परिवर्तन ल्याउन सरकार कतिको सक्षम होला भन्ने चिन्ता यथावत् छ।

सरकारको तर्फबाट प्रधानमन्त्रीले धेरै समयदेखि जनताले भोगिरहेका समस्याहरूलाई द्रुतगतिमा समाधान गर्ने भनेर सबै सरोकार र विषयगत मन्त्रालयका सचिवहरूलाई बोलाएर एक महिनाको अल्टिमेट जारी गरेका छन्। उक्त अवधिमा समाधान नभए कारणसहित जवाफ दिन भनेका छन्। सुधार नभए निर्मम ढंगबाट कारबाही गरिने चेतावनीसमेत दिए। यस्तो शैलीबाट निर्देशन जारी गरेर सरकार आगामी दिनमा कडा ढंगबाट प्रस्तुत हुने सन्देश प्रवाह गर्न प्रधानमन्त्रीले खोजेको हुनसक्छ।

अहिले प्रत्यक्ष देखिएको समस्या हो राहदानी वितरण। प्रधानमन्त्रीको निर्देशनको बुँदा नं. १४ मा राहदानी लिन नागरिकले व्यहोरेका सास्ती तत्काल हटाउने काम प्राथमिकतामा राख्ने भनिएको छ। संयोग हो वा विभागीय प्रतिउत्तर सोही दिन राहदानी विभागले प्राविधिक समस्या आएको भनेर राहदानी वितरण गर्ने कार्य नै अनिश्चितकालका लागि बन्द गऱ्यो। अत्यावश्यक सेवा प्रवाहमा परराष्ट्र मन्त्रालय र राहदानी विभागले गरेको चरम लापरवाही र उपेक्षा पनि हो। राहदानीजस्तो अत्यावश्यक सेवा कुनै दिन पनि रोकिनु हुँदैन। राहदानीजस्तो अत्यावश्यक सेवामा यति लामो समयसम्म समस्याग्रस्त देखिनु र समाधानको पहल नहुनु वास्तवमै लज्जास्पद विषय हो।

राहदानीको विषयलाई एउटा उदाहरणको रूपमा प्रस्तुत गर्नमात्र खोजिएको हो। यहाँ जनतासँग सरोकार राख्ने कैयौं क्षेत्रहरूमा यस्तै बेथिति कायम छ। सवारीचालक अनुमतिपत्र लिन कैयौं समय लाइनमा बस्नुपर्छ। परीक्षा दिन झण्झटिलो छ। फेरि परिचयपत्र पाउन त महिनौं नै कुर्नुपर्छ। वैदेशिक रोजगारीबाट चलेको मुलुकमा नागरिकले पाउने श्रम स्वीकृति नै लिन धेरै कठिन छ। राष्ट्रिय परिचयपत्रका लागि यस्तै समय कुर्नुपर्ने हुन्छ।

अनलाइन प्रविधि भनेर सुरु गरिएको राष्ट्रिय परिचयपत्रका लागि पनि ठूलै लाइन लाग्नुपर्छ। राहदानीमा राष्ट्रिय परिचयपत्र नम्बर भर्नुपर्ने बाध्यात्मक गरिँदा सेवाग्राही झनै अप्ठ्यारोमा परिरहेका छन्। मालपोत कार्यालय, कर कार्यालयलगायत धेरै ठाउँमा जनताले कर तिर्नसमेत लामो लाइन र झण्झट व्यहोरिरहेका छन्। शिक्षा, स्वास्थ्य, यातायातजस्ता आधारभूत सेवा, राहदानी, सवारीचालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र, मालपोत, कर दस्तुर बुझाउनेजस्ता सेवा लिन नागरिकलाई हैरानी हुन्छ, कर्मचारीलाई घूस खुवाउनुपर्छ भने त्यो मुलुकको शासक र प्रशासक भ्रष्ट छन् भन्ने प्रस्ट हुन्छ।

राज्यलाई कर तिर्दासमेत घुस बुझाउनुपर्छ। यातायात व्यवस्था कार्यालयमा बिचौलियाविना सहजरूपमा कर तिर्नसमेत सकिँदैन। अहिले संघीयता लागू भएर पनि स्थानीय निकाय वा प्रदेश सरकारहरूले सेवा प्रवाह गर्न सक्ने बन्दोबस्ती गरिएको छैन। यी सरकारी कार्यालयको व्यवस्थापन कैयौं वर्षदेखि यस्तै अस्तव्यस्तरूपमा सञ्चालन हुँदै आइरहेका छन्। तर, सुधारको ठोस पहल कहिल्यै हुन सकेको छैन। नागरिकलाई जे गरे पनि हुन्छ, जस्तो व्यवहार गरे पनि हुन्छ भन्ने सामन्ती सोच नेपालको कर्मचारीतन्त्रमा विद्यमान नै छ।

देशमा लोकतन्त्र स्थापित छ, लोकतन्त्रमा नागरिकको मौलिक हक अधिकार सुनिश्चित हुन्छ। सरकारी सेवा नभएर नागरिकको उपभोग गर्ने अधिकार स्थापित हुन्छ। तर, नेपालमा व्यावहारिकरूपमा जनताले सरकार र सरकारी सेवाप्रति चित्त बुझाउन सकेका छैनन्। नागरिकले सेवा प्रवाहका लागि सरकारी कर्मचारीसँग सोधखोज गर्दा पनि रुखो व्यवहार कर्मचारीहरूले गर्ने गर्दछन्। सरकार, प्रशासन र जनताबीच अहिले पनि एक प्रकारको शासक र शासितको जस्तो दूरी नै रहेको छ। यसैको समाधानका लागि प्रधानमन्त्रीले ३० बुँदे निर्देशन जारी गरेको हो भने त्यो अत्यन्त सकारात्मक कार्य हो। तर, राहदानी प्रकरणबाट प्रधानमन्त्री दाहालको निर्देशन लागू नहुने, कार्यान्वयन नहुने र नटेर्ने कर्मचारी प्रशासनको संकेत हुनसक्छ।

गृह मन्त्रालयको जिम्मेवारी वहन गरेकै दिन गृहमन्त्री लामिछानेले निर्मला पन्त हत्या प्रकरणमा अर्को निर्देशन जारी गरे। राहदानी विभाग पुगेर अबदेखि राहदानी वितरण सहज हुने भाषण गरे। स्वयं उनकै नागरिकता विवाद सर्वोच्चको कठघरामा उभिएको छ। केही दिनअघि मात्र भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ आफैं यातायात कार्यालय पुगेर सेवा प्रवाह राम्रो बनाउने आश्वासन दिएर आए।

सरकारका प्रधानमन्त्रीदेखि मन्त्रीहरू कडा निर्देशनसहित 'स्टन्ट'मा उत्रिरहेका छन्। तर, कर्मचारीहरूबाट तत्क्षण नै ती निर्देशनहरू उपेक्षा भइरहेको देखियो। मन्त्रिषरिषद्का सदस्यहरूको विभाग र सरकारी कार्यालय दौडाहा प्रवृत्ति निर्देशन कार्यान्वयनको प्रक्रिया हो वा कर्मचारी प्रशासनलाई तर्साउन गरिएको देखावटी व्यवहार ? मन्त्री र प्रधानमन्त्रीले नीति, निर्देशन जारी गर्ने र नभए कारवाही पनि गर्ने सामार्थ्य देखाउन सक्नुपर्छ। अर्कोतर्फ निर्देशन र फर्मान जारी गर्दा विद्यमान प्रशासनको व्यावहारिक समस्या र अवस्थालाई पनि मूल्यांकन र विचार गर्नुपर्ने हुन्छ। कर्मचारीबाट असहयोग प्राप्त भए त्यसलाई कसरी प्रधानमन्त्रीले नेतृत्व गर्ने छन् वा कस्तो निर्मम कारबाहीको उदाहरण पेस गर्छन्, त्यो हेर्न बाँकी नै छ। प्रधानमन्त्रीको ३० बुँदे निर्देशन कति सार्थक हुनसक्छ, कति व्यावहारिक सावित हुनसक्छ भन्ने चासो सबैमा देखिन्छ। अहिले जसरी जनसरोकारको विषय सम्बोधन गर्ने तदारुकता सरकारले देखाएको छ त्यो सकारात्मक रूपमा लिन सकिन्छ।

मननयोग्य

## चाणक्य नीति

चन्द्रगुप्त हिँडिसकेपछि धेरै समयसम्म चाणक्य सोच्न बाध्य भए। उनले आफ्ना अनुचर शंकरदेवलाई बोलाई भने- 'तिमी तुरुन्तै जाऊ आजै मुरालाई लिएर आऊ भन्नु आचार्य वात्स्यायनले बोलाएको छ।' आज्ञा पाई शंकरदेव गए। चाणक्य फेरि आफ्नो विचारमा मग्न भए।

सोच्दै, हात पारेको शत्रुलाई छोड्नु पाप हो चन्द्रगुप्त महानन्दको वध गर्न चाहँदैन, महानन्द जीवित हुनुको अर्थ चन्द्रगुप्तको मृत्यु अनि मेरो प्रतिज्ञा त्यो पनि थाहा छैन के हुन्छ ? यो समय चुक्ने समय होइन भोलि सूर्योदयका साथसाथै महानन्दको वध गराउनुपर्छ। अनि यो हत्याराका रगतले मेरो पिताको तर्पण गर्न सक्छु। ...कौटिल्यको प्रतिज्ञा भोलि अवश्य पूर्ण हुन्छ।

सन्ध्या सकिन लागेको थियो। शङ्करदेव मुरालाई लिएर चाणक्यका कुटीमा प्रवेश गरे। प्रणामपछि मुरालाई आफ्ना आसनको छेउमा बसाले।

मुरा- महात्मन् ! के आज्ञा छ ? अपर्झट यो समयमा किन बोलाइयो ? चाणक्य- आपतमा शक्तिको आवश्यकता पर्छ। तिम्रो नामको राज्य स्थापना गर्ने इच्छा छ। तिमीले आफ्नो मुटुलाई ढुंगाजस्तो पार्नुपर्छ।

मुरा- किन छकाउँदै हुनुहुन्छ, स्पष्ट भनिदिनोस्।

चाणक्य- स्पष्ट छ, महानन्द बन्दी भएको छ, मगधमा चन्द्रगुप्तको अधिकार छ, अलिकति हृदय बलियो बनाई भोलि महानन्दलाई वध गर्ने आज्ञा दिन तयार हुनुपर्छ।

मुरा- यो के भन्दै हुनुहुन्छ एउटी पत्नी आफ्नो पतिको वध गर्ने आज्ञा पुत्रलाई देओस्। यो कसरी सम्भव हुन्छ ?

चाणक्य- हेर्नोस् देवी ! तपाईंको यही पतिले तपाईं र चन्द्रगुप्तको कस्तो अवस्था बनायो। यो अधमले सयौं नारीलाई बरबाद पार्‍यो। के यस्तो जीवले बाँचिरहनु उचित हुन्छ ? यदि महानन्द जीवित भयो भने भोलि तिम्रो पुत्र चन्द्रगुप्तको वध गर्नेछ। उसमा तिमी वा तिम्रो पुत्रका लागि कुनै स्नेह छैन। मुरा सोच्न लागिन्। अन्त्यमा लामो निःश्वास लिँदै चाणक्यको कुरा स्वीकार गरिन्।

यसरी मगधको एक क्रुर विलासी शासकको अन्त्य भयो। चाणक्यको प्रतिज्ञा पनि पूर्ण भयो अनि चाणक्यले आफ्नो शिखा (टुप्पी) गाँठो पारी आफ्ना पितालाई तर्पण गरे। क्रमशः

पत्र-मञ्जुषा

## सबैतिर जनता ठगिंदा कता छ सरकार ?

मुलुकमा ७५३ वटा स्थानीय तह, ७७ वटै जिल्लामा सिडिओ कार्यालय छन्। तर पनि जनताहरू ठगिने क्रम बन्द भएको छैन। स्थानीय सरकार वा जिल्ला प्रशासन कार्यालयबाट अहिले पनि सर्वसाधारण जनताले न्याय पाएका छैनन्। दिनहुँ ठगिनेको संख्या बढ्दो छ।

कुनैले विदेश पठाइदिने नाममा ठगिरहेको छ त कुनैले जागिर मिलाइदिने नाममा। यता व्यापारी र घरधनीले सर्वसाधारण ठग्नु भनेको कुनै नौलो कुरा होइन। किनभन्दा यो ठगीधन्दा सरकार देखे पनि नदेखेझैँ गरेर बस्छ।

नेपालमा अहिले पनि धेरै मानिसहरू अशिक्षित छन्। उनीहरू गरिब भए पनि इमान्दार छन्। तर, यसको फाइदा सीमित व्यक्तिहरूले उठाइरहेका छन्। सरकार आफैं भन्छ- हामी सर्वसाधारणलाई ठग्नबाट बचाउँछौं तर सबैभन्दा बढी सर्वसाधारण ठगिने निकाय नै सरकारी कार्यालय हो।

जन्मदादेखि मर्दासम्मै सरकारी कार्यालयको आवश्यकता पर्छ तर अशिक्षित, गरिब मानिसहरूलाई सरकारी कार्यालय गएपछि त्यहाँ के के गर्नुपर्छ भनेर थाहा हुँदैन। यही मौकाको फाइदा उठाएर दलाली, लेखनदासहरूले जनता ठग्छन्। सरकारले जनताको काम गर्नका लागि सरकारी कार्यालयमा कर्मचारी खटाएको हुन्छ।

निवेदन लेख्नदेखि त्यहाँ हरेक काममा सर्वसाधारण सहयोग गरिदिन कर्मचारी खटाइन्छ तर सरकारी कर्मचारीहरू जनताको काम नगर्नका लागि विभिन्न बहाना बनाउने गर्छन्। झन् पछिल्लो समय त सरकारी कर्मचारीका रूपमा नेताहरूले आफ्नो आफन्तहरूलाई काममा लगाउने हुँदा कार्यालयका कर्मचारीलाई समेत एउटा निवेदन लेख्न हुँदैन।

यता सर्वसाधारणहरू के काम परेर वा उजुरी लिएर सरकारी कार्यालय जानुपरेमा त्यहाँ मौखिक सुनिँदैन। जेजसो गरेर पनि लिखित निवेदनकै आधारमा उजुरी दिनुपर्छ। यता सामान्य लेखपढ गरेका होस् वा माध्यमिक तहसम्म पढेकालाई पनि निवेदन कसरी लेख्नुपर्छ भनेर ज्ञान हुँदैन। तर, त्यसकै फाइदा उठाएर लेखनदासहरूले एउटा निवेदन लेखेको ५०० देखि पाँच हजार रूपैयाँसम्म लिने गर्छन्। यदि यति पैसा तिरेर निवेदन नदिएमा उजुरी नै दर्ता गरिँदैन। त्यसैले पनि मानिसहरू यत्रो रकम तिरेर न्यायका लागि भए पनि निवेदन लेखाउन बाध्य छन्।

पछिल्लो समय कन्सलटेन्सी, म्यानपावर कम्पनी र सहकारीको ठगीधन्दा हवात्तै मौलाएको छ। सहकारीविरुद्ध उजुरी दर्ता गराउन दिनहुँ हजारौं मानिसहरू वडा कार्यालय, नगरपालिका, सहकारी कार्यालय, सहकारी विभाग र सिडिओ कार्यालय धाइरहेका छन्। तर, त्यहाँ पुगेपछि उनीहरूलाई निवेदन लेख्न नआउँदा सास्ती बेहोर्नुपर्छ।

यता एउटै निवेदन लेखिने नाममा कार्यालयमा बसेका लेखनदास वा कार्यालयबाहिरका पसलेहरूले हजारदेखि पाँच हजार रूपैयाँसम्म लिने गर्छन्। तर, पैसा नहुने मानिसहरू त उजुरी दिनबाटसमेत वञ्चित हुन्छन्। बुद्धनगरमा अवस्थित वैदेशिक रोजगार विभागमा म्यानपावर कम्पनी वा कन्सलटेन्सीबाट पीडित भएका सयौं मानिसहरू दिनहुँ उजुरी दिन आउँछन्। त्यहाँ आउनेको पनि समस्या उही छ।

यस्तो बेथिति हरेक क्षेत्रमा छ। न्यायका लागि खोलिएको अदालतदेखि अपराधीलाई समात्न खोलिएको प्रहरी चौकीमा समेत यसको विगविगी छ। यता निवेदन लेखेर आफूले तिरेको पैसा महँगो हो कि सस्तो हो भनेर पनि सरकार र जनतालाई थाहा छैन। सरकारले एउटा निवेदन लेखेको यति रकम भनेर मूल्य निर्धारण गरेको छैन।

यस्तो विकृतिबाट आजित जनता सरकार कहाँ छ ? भनेर प्रश्न गरिरहेका छन्। सरकारको खोजी गरिरहेका छन्। चुनावपछि उदायका नयाँ दलहरूसहितको यो सरकारले के जनताको यो समस्यालाई सम्बोधन गर्न सक्ला ? सक्दैन भने जनताले किन कर तिर्ने ? यी प्रश्न गम्भीर छन्। नयाँ सरकारका लागि यो चुनौती पनि हो। तर, इच्छाशक्ति राख्ने हो भने यी समस्या समाधान गर्न असम्भव छैन। प्रचण्ड सरकारले कसरी काम गर्छ, जनता त्यसको प्रतीक्षामा छन्।

*रूषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.



**प्रदर्शनीमा स्याखु** | 'अमूल्य भाषा, संस्कृतिको संरक्षण गरौं, भाषा, संस्कृतिको जगेर्ना गर्दै पर्यटनको प्रवर्द्धन गरौं' भन्ने नाराका साथ तनहुँको दमौलीमा नेपाल आदिवासी जनजाति महासंघ तनहुँ जिल्ला समन्वय परिषद्द्वारा आयोजित पाँचौं आदिवासी जनजाति तनहुँ सांस्कृतिक एवं पर्यटन महोत्सवमा गुरुङ जातिले प्रदर्शनीका लागि ल्याएको स्याखु । *तस्बिरः मिला दरै/रासस*

# आन्तरिक पर्यटक तान्दै गाईखुरा महादेव

■ **प्रभाव संवाददाता**

**दोलखा–** जिल्लाको मेलुङ गाउँपालिका-२ सुकाठोकरस्थित गाईखुरा महादेवको मन्दिरमा आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको छ । आपत्, विपत् तथा दुर्घटनाबाट जोगाउने तीन शक्ति भएको मानिने उक्त ऐतिहासिक धार्मिक तीर्थस्थलमा महादेवको मूर्ति दर्शन तथा पूजापाठ गर्न आउने भक्तजनहरूको संख्या बढ्दै गएको हो ।

धार्मिक महत्त्व बोकेको उक्त प्रसिद्ध मन्दिरलाई धार्मिक पर्यटकीयस्थलको रूपमा विकास गर्ने प्रयास भइरहेको स्थानीय बताउँछन् । यसका लागि आवश्यक पूर्वाधार विकास गर्न दाताको खोजी भइरहेको बताइएको छ । मनोकामना पूरा हुने, अकालमा मृत्यु हुनबाट बचाउने, रोगव्याधि नलाग्ने, निःसन्तान जोडी सोमबार आएर रुद्रि, चण्डी, सवा लाख बत्ती बालेर पूजा आराधाना गर्दा चाहेको सन्तान प्राप्त हुने, परिवारमा कुनै संकट नपर्ने विश्वासले यहाँ भक्तजनको आकर्षण बढ्दै गएको स्थानीयको भनाइ छ ।

गाईखुरा महादेवको मूर्तिमा गाईको पाइला, थुन र खुर, बाघको पञ्जा तथा शिवलिंग प्रस्ट देख्न सकिन्छ । दुई जीवित पहेँला नाग बेलाबेलामा शिलालाई बेरेर बस्ने गरेको स्थानीय बताउँछन् । स्थानीय टंकप्रसाद भण्डारीका अनुसार उक्त शिला





कसैले बनाएर राखेको नभई गाईले आफैं दूध झारिरहेको अवस्थामा गोठालाले देखेर खनेर हेर्दा पत्ता लागेको कथन छ । 'शिला कम्तीमा पनि तीन-चार सय वर्ष पहिलाको हुनुपर्छ । गाईखुरा महादेवको मन्दिरमा आएर रुद्री पुजा आराधना गरी गाईको दूध र तिलको तेल चढाएर वरदान माग्दा मागेको बर पाइने हुँदा काठमाडौं उपत्यकालगायत विभिन्न जिल्लाबाट दर्शनार्थीहरू आउने गर्दछन्,' उनले भने ।

कतिपय सदरमुकाम चरिकोटमा बास बसेर भोलिपल्ट दोलखा भिमेश्वरको दर्शन गरी गाईखुरा महादेव मन्दिरमा दर्शन गर्न आउने गरेका छन् । सडक सञ्जाल जोडिएसँगै दैनिक यो मन्दिरमा रुद्री, वेद, सवालाख बत्ती बाल्ने र घुम्नका लागि आउने धार्मिक पर्यटकको संख्या बढेको मेलुङ गाउँपालिका-२ का वडाध्यक्ष रामकृष्ण भण्डारीले बताए ।


चरिकोटदेखि १७ किलोमिटर तामाकोसी र त्यहाँबाट १३ किलोमिटर यात्रा गरेर गाईखुरा महादेवको मन्दिर पुग्न सकिन्छ । अहिले मन्दिरमा दर्शन गर्ने र घुम्न आउने आन्तरिक धार्मिक पर्यटकको संख्या बढेको छ । विकटता तथा प्रचारप्रसारको अभावका कारण छायाँमा परेको गाईखुरा महादेव मन्दिरको विकासका लागि मेलुङ गाउँपालिकाले घेराबारलगायत विभिन्न कार्यक्रम तथा पूर्वाधार निर्माणको काम गर्दै आइरहेको गाउँपालिकाका प्रमुख हिरा थोकरले बताए । गाईखुरा महादेव मन्दिरलाई धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गराउने उद्देश्यका साथ आवश्यक पूर्वाधार निर्माणका लागि डिपिआर तयार गर्ने तयारी भइरहेको उनले बताए ।

प्रतिनिधिसभा सदस्य गंगा कार्की र प्रदेशसभा सदस्य कुन्दनराज काफ्लेले पनि गाईखुरा महादेव क्षेत्रलाई नमूना धार्मिक पर्यटकीय तीर्थस्थल बनाउन आवश्यक पहल गर्ने बताएका छन् । गाईखुरा महादेव क्षेत्र व्यवस्थापन संस्थाले विभिन्न सामाजिक तथा धार्मिक कार्य मन्दिर क्षेत्रमा गर्दै आइरहेको छ । धार्मिक पर्यटकलाई आकर्षित गर्न तथा पर्यटन प्रवर्द्धनका लागि संस्थाले विभिन्न कार्यक्रम गर्दै आएको छ ।

संस्थाले यस क्षेत्रका १० वटा घरलाई होम-स्टे (घरवास)को रूपमा विकास गर्न माग गरेको छ । मन्दिरमा भक्तजनले चढाएको भेटी दुई लाख ३१ हजार रूपैयाँ जम्मा भएको संस्थाका कोषाध्यक्ष कृष्णबहादुर कार्कीले जानकारी दिए । उनका अनुसार स्थानीयले पालैपालो पूजा गर्ने र केही समयदेखि अखण्ड दियो बत्ती बाल्दै आएका छन् ।

काठमाडौंबाट आउने भक्तजन कालिञ्चोक भगवती र दोलखा भिमेश्वर मन्दिर दर्शन गरिसकेपछि गाईखुरा महादेव मन्दिर दर्शन गरेर रामेछापको मन्थली, खुर्कोट हुँदै फर्कने गर्दछन् । काठमाडौंको कोटेश्वरबाट दैनिक यस मन्दिरसम्म बस आउने गर्दछ ।

# कक्षाकोठा अभावमा खुला आकाशमुनि पठनपाठन



**गलकोट–** भिरालो जमिन खारेर बनाइएको चौरको छेउमा काठले बारेको तीन कोठ अस्थायी टहरा । टहराको एउटा कोठामा कार्यालय र अर्का दुई कोठामा पठनपाठन । अन्य तीन कक्षा खुला आकाशमुनि । विद्यालयको प्रांगणमा कार्पेटमाथि चलिरहेको पठनपाठनको दृश्य बागलुङको जैमिनी नगरपालिकाभित्रको हो ।

दृश्यमा देखिएको जैमिनी नगरपालिका-१० रांखानी किटेनीस्थित जनता प्राथमिक विद्यालयका विद्यार्थीले घाम ताप्नका लागि प्रांगणमा पठनपाठन गराइएको भने हैन । कक्षाकोठा अभावका कारण जनता प्राथमिक विद्यालयका विद्यार्थीले खुला आकाशमुनि पठनपाठन गर्न बाध्य छन् । बाढीपहिरोका कारण केही पर काफ्ले भन्ने स्थानमा रहेको विद्यालय भवन भत्किएपछि दुई वर्षअघि सार्वजनिक चौरमा विद्यालय सारिएको थियो । दुई वर्षदेखि अस्थायी छाप्रोमा समस्याका बीच पठनपाठन भइरहेको विद्यालयको केही कक्षा खुला आकाशमुनि पठनपाठन भइरहेको विद्यालयकी प्रधानाध्यापक कृष्णकुमारी श्रीसले जानकारी दिइन् ।

'तीन वर्षअघि भिरालो जग्गामा भएको विद्यालय पहिरोको जोखिममा पर्‍यो, विद्यालयको चार कोठे भवन भासिएर पढाउनै सकिएन, पहिरोको समस्याले दुई वर्षदेखि विद्यालय नजिकैको सार्वजनिक चौरमा अस्थायी छाप्रोसहित पठनपाठन गर्न थालिएको हो, साँघुरा टिनको छाप्रोमा पढाउन निकै समस्या छ,' प्रधानाध्यापक श्रीषले भनिन्, 'अहिले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत दुई कोठे विद्यालय भवन बनाउन अस्थायी छाप्रोको केही भाग हटाएपछि तीन वटा कक्षाका विद्यार्थीलाई प्रांगणमै पठनपाठन गराइन्छ । दुई वटा कक्षाका विद्यार्थीलाई अस्थायी टहरामै पठनपाठन गराइन्छ ।'

विद्यालयमा १ देखि ५ कक्षासम्म ३१ विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा कक्षाकोठाको अभाव भएकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत तत्कालका लागि दुई वटा पक्की कक्षा कोठा बनाइने र अर्को वर्ष थप दुई कक्षा कोठा माग गरिएको छ ।

कक्षाकोठा बन्न समय लाग्ने भएपछि अझै एक वर्ष विद्यालयमा विद्यार्थीलाई पठनपाठन गराउन समस्या भइरहने विद्यालयल व्यवस्थापन समितिका अध्यक्ष पदम छन्त्यालले बताए । 'यो वर्ष दुई वटा कक्षा कोठा निर्माण हुन्छन्, थोरै विद्यार्थी भएकाले कक्षा कोठालाई बाँडेर पढाउन सकिन्छ तर त्यो असारसम्म बनिसक्नेछ । त्यसबेलासम्म पुन अस्थायी छाप्रोमा विद्यार्थीलाई राखिन्छ,' छन्त्यालले भने, 'विद्यार्थीलाई खुला आकाशमुनि पढाउनु हाम्रो रहर हैन, तत्कालै अस्थायी छाप्रो सार्नका लागि प्रांगणमा पढाइएको हो, पक्की भवन बन्ने स्थान खाली भएपछि अस्थायी छाप्रो अन्यत्रै बनाइन्छ ।' छन्त्यालका अनुसार विद्यालयको भौतिक अवस्था नाजुक हुँदै गएपछि विद्यार्थीको संख्यामासमेत क्रमशः कमी हुँदै आएको छ । विद्यालयमा पक्की शौचालय निर्माण भइसकेको र शुद्ध खानेपानीको व्यवस्थापन भइसकेको छ ।

जाडो याममा प्रांगणमा घाम ताप्दै पठनपाठन गराउन सहज भए पनि बर्खाको समयमा समस्या भएको विद्यालयका शिक्षक थम्मन श्रीषले बताए । ठूलो पानी पर्दा अस्थायी टहरामै पानी पस्ने हुँदा पठनपाठन प्रभावित हुने गरेको छ । संयुक्त कक्षा सञ्चालन गर्न विद्यालय बाध्य भएको शिक्षक श्रीसले बताए । विद्यालयको समस्या समाधानका लागि पक्की भवन निर्माण गर्न राष्ट्रपति शैक्षिक सुधारमार्फत बजेट आएर काम थाल्न लागिएको बताउँदै जैमिनी नगरपालिकाका नगर उपप्रमुख हरिहर शर्माले भवन बनेपछि कक्षा कोठाको अभाव टर्ने बताए । *रासस*

# स्वास्थ्यचौकीलाई ल्यापटप सहयोग

**सिमकोट (प्रस)–** हुम्लाको सदरमुकामस्थित सिमकोट गाउँपालिकाको स्वास्थ्य शाखाले मातहतका स्वास्थ्यचौकीलाई ल्यापटप र ट्याब उपलब्ध गराएको छ ।

ल्यापटप र ट्याबको प्रयोगबाट स्वास्थ्यचौकीबाट प्रदान हुने सबै सेवामा रिपोर्टिङ गर्न सहज हुने सिमकोट गाउँपालिका-७ डाँडाफया स्वास्थ्यचौकीका संयोजक सन्तोष बोहराले बताए । स्वास्थ्यचौकीबाट प्रदान हुने सबै प्रकारका सेवाको रिपोर्टिङ अनलाइनबाट गर्नुपर्ने भएकाले ल्यापटप अनिवार्य भएका बेला स्वास्थ्यचौकीलाई यी सामान उपलब्ध हुँदा अब जतिबेला र जुन स्थानबाट पनि रिपोर्टिङ गर्न सकिने उनको भनाइ थियो ।

उक्त स्वास्थ्यचौकीले एक/एक थान ल्यापटप र ट्याब पाएको गाउँपालिका स्वास्थ्य संयोजक नर भण्डारीले बताए । स्वास्थ्यचौकीले आफ्नो प्रगति विवरण कम्प्युटरमा प्रविष्ट गरेर अनलाइनबाट रिपोर्टिङ गर्नुपर्ने भएकाले स्वास्थ्यचौकीका संयोजकलाई ल्यापटप र ट्याबलेट उपलब्ध गराइएको उनले जानकारी दिए ।

पालिकामा रहेका ठेहे, बरगाउँ, डाँडाफया र स्याँडा स्वास्थ्यचौकीलाई आठवटा ल्यापटप र ट्याब प्रदान गरिएको हो । उक्त गाउँपालिकाका सबै स्वास्थ्यचौकीमा इन्टरनेट सेवासमेत जडान भइसकेको छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०९/२४

यस कम्पनीको मिति २०७९/०९/० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **भीमदत्त नमुना इङ्गलिस बोर्डिङ्ग स्कुल प्रा.लि. (प्रा.लि. नं. ५१४१५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **श्रीकृष्ण एकेडेमी कञ्चनपुर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## टुरिजम इन्भेष्टमेन्ट फण्ड लिमिटेड

पोखरा महानगरपालिका-८, कास्की

**तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७९/०९/०८)

यस कम्पनीको मिति २०७१।०९।०७ मा बसेको संचालक समितिको बैठकको निर्णयनुसार यस कम्पनीको **तेश्रो वार्षिक साधारण सभा** देहायको मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थानः**
मिति : २०७९ साल पुष महिना ३० गते शनिबार (जनवरी १४, २०२३)
समय : बिहान १० बजे देखि
स्थान : पोखरा महानगरपालिका-८, कास्कीस्थित कम्पनीको कर्पोरेट कार्यालयको सभाकक्ष

२. **छलफलका विषय सूचीहरूः**
(क) **सामान्य प्रस्तावहरूः**
१. कम्पनीको आ.व. २०७८।७९ को वार्षिक प्रतिवेदन माथि छलफल तथा पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७८।७९ को लेखा परिक्षकको प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
३. आगामी वर्ष २०७९/८० को निम्ती लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
(ख) **विशेष प्रस्तावहरूः**
१. कम्पनीको नियमावलीको नियम ९ मा भएको अग्राधिकार शेयर सम्बन्धि व्यवस्था संसोधन गर्ने बारे ।
२. डिबेञ्चर जारी गर्ने सम्बन्धमा ।
(ग) विविध ।

**संचालक समितिको आज्ञाले कम्पनी सचिव**

Government of Sudurpashchim Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
Infrastructure Development Office
Kanchanpur

## Invitation for Bids

First Date of Publication: 2079/09/24

1. Government of Sudurpashchim Province, Ministry of physical Infrastructure Development has allocated fund and infrastructure development office, kanchanpur intends to apply part of the funds to cover eligible payments under the Contract as mentioned in table below.
2. Infrastructure Development Office, Kanchanpur invites only electronic bids from eligible bidders for the Contracts given in the following table under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
3. Eligible Bidders may obtain further information from IDO, Kanchanpur or inspect the Bidding Documents from PPMO's e-GP system.
4. Information for deposit the cost of bidding document are as specified below.
**Name of the Bank : Rastrya Banijaya Bank** **Name of Office: Infrastructure Development Office, kanchanpur**
**Office Code no.: 3370176017** **Rajaswa (revenue) Sirshak No.: 14229** **Rajaswa (revenue) Account no. : 1000200010000**
5. Pre-bid meeting shall be held at Infrastructure Development Office, Kanchanpur at 14:00 Hrs on 2079/10/15.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Hrs on 2079/10/24.
7. The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs on 2079/10/24 .
8. Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.The summary of contracts is given below.

| S.N. | Contract ID No | Project Name | Minimum Work Experience of Similar Size & Nature | Bid Document Fee, NRs | Average Annual Constrution Turnover (AACT), NRs | Bid Security, NRs |
|---|---|---|---|---|---|---|
| 01 | IDOKAN/W/NCB/BR-M/1/079-080 | Construction of Bridge over Mahakali Canal (On the way to Bhanu Chowk To Bishnu Mandir Road), Bhimdutta Municipality-06, Kanchanpur | Single Entity or One Partner in case of JV : At least One RCC Motorable Bridge Contract within the last Ten (10) years, with a value of at least NRs. 1,08,00,000 that have been successfully or are substantially completed & that are similar to the proposed works. | 5,000.00 | 2,68,00000 | 7,54,000.00 |

# प्रभाव दैनिक

आइतबार, २४ पुस २०७९ (Sunday, January 8, 2023)


## रूपशाला



### 'भष्मे डन'मा सौगातको इन्ट्री

व्यावसायिक तथा समीक्षात्मक रूपमा सफल फिल्म 'पशुपति प्रसाद' मा अभिनेता विपिन कार्कीले निभाएको चर्चित पात्र भष्मे डनको नाममाथि निर्माण हुन लागेको फिल्म 'भष्मे डन' मा अभिनेता सौगात मल्ल भित्रिएका छन् । फिल्ममा उनी मुख्य अभिनेताको रूपमा भित्रिएका हुन् । फिल्ममा विपिन कार्कीले भष्मे डनको भूमिका निर्वाह गर्दैछन् । 'पशुपति प्रसाद' कै निर्देशक तथा लेखक दीपेन्द्र के. खनालको निर्देशन रहने फिल्ममा सौगातको भूमिका कस्तो भने अहिले सार्वजनिक गरिएको छैन । फागुन १२ गतेबाट छायांकन सुरू हुने फिल्मको अहिले स्क्रिप्ट 'रि–राइट'को चरणमा रहेको छ । फिल्मको लेखन खगेन्द्र लामिछानेले गरिरहेका छन् ।

# कलाकार अधिकारीलाई विष्णुभक्त रंगकर्मी सम्मान

■ प्रभाव संवाददाता



**काठमाडौं–** वरिष्ठ रंगकर्मी एवं कलाकार विष्णुभक्त फुँयालको सम्झनामा स्थापित २५ हजार रूपैयाँ राशिको 'विष्णुभक्त रंगकर्मी सम्मान' यसपटक वरिष्ठ कलाकार रामचन्द्र अधिकारीलाई प्रदान गरिएको छ । विष्णुभक्त-तारादेवी स्मृति गुठीले शनिबार आयोजना गरेको स्मृतिसभामा कलाकार अधिकारीलाई सम्मान गरिएको हो ।

२०७३ साल पुस १९ गते सांस्कृतिक संस्थान राष्ट्रिय नाचघरले तयार गरेको नाटक यज्ञवल्क्यका राजा जनकको भूमिकामा अभिनय गर्दागर्दै मञ्चमै कलाकार फुँयालको निधन भएको थियो । नाटकमा अभिनय गर्दा गर्दै मञ्चमा निधन भएका कलाकार फुँयाल सम्भवतः विश्वकै इतिहासमा पहिलो हुन् ।

करिब चार दशकभन्दा बढी समय नेपाली रंगमञ्चमा बिताएका कलाकार फुँयालको स्मृतिमा हरेक वर्ष वरिष्ठ कलाकारहरूलाई सम्मान गरिँदै आएको छ । सोही क्रममा चार दशकदेखि नेपाली नाट्य एवं चलचित्र क्षेत्रमा क्रियाशील कलाकार अधिकारीलाई सम्मान गरिएको हो ।

कुसुम नाट्य समूहका निर्देशक एवं रंगकर्मी वैकुण्ठ भण्डारीको संयोजकत्वमा गठित पुरस्कार छनोट समितिले यस वर्षको पुरस्कारका लागि अधिकारीलाई चयन गरेको थियो । यसअघि उक्त सम्मानबाट राजेन्द्र गड्तौला, रमेश केसी मट्टारे, लक्ष्मण सिंह बस्नेत, पल्पसा डंगोल सम्मानित भइसकेका छन् ।

हरेक वर्ष पुस १९ गते फुँयालको निधनकै दिन स्मृति सभा आयोजना गरी पुरस्कार दिँदै आएको छ । कार्यक्रममा फुँयालकी धर्मपत्नी तारा फुँयालको नाममा स्थापित तारादेवी नारी प्रतिभा पुरस्कार मेनुका कट्वाललाई प्रदान गरिएको छ ।

सम्मान कार्यक्रममा गुठीका संरक्षक एवं फुयाँल छोरा विमल फुँयालले आफ्नो बुवाले कलाकारिता क्षेत्रका माध्यमबाट श्रमको सम्मान गर्न सिकाएको बताए । उनले श्रमको सम्मान गर्नका लागि आफूहरू बुवाको आदर्शलाई निरन्तर अगाडि बढाउँदै जाने प्रतिबद्धता जनाए ।

कार्यक्रममा सम्मानित कलाकार अधिकारीले विष्णुभक्त फुँयालले आफूलाई चलचित्र बलिदानदेखि अन्य समयमा पनि अभिभावकत्व प्रदान गरेको स्मरण गर्दै र आफू अन्यायमा पर्दा सधैं अन्यायका विरुद्ध लड्न प्रेरित गरेको बताए ।

त्यस्तै तारादेवी नारी प्रतिभा पुरस्कारबाट सम्मानित भएकी कट्वालले आफूले अघिल्लो वर्ष गुठीबाट छात्रवृत्ति नपाएको भए पढाइ नै छाड्नुपर्ने अवस्था भएको बताइन् । तर, गुठीकै कारण शिक्षालाई अगाडि बढाउन सफल भएको उनको भनाइ थियो ।

कार्यक्रममा फुँयालको नाट्य क्षेत्रको जीवनी, व्यक्तित्व र कृतिका विषयमा सोधकार्य गरिरहेका सोधकर्ता लेखनाथ खनालले बाहिर नआएका तर अनुसन्धानमा फेला परेका कलाकारिता क्षेत्रमा योगदानका विषयमा चर्चा गरेका थिए ।

# वृद्धाश्रमलाई स्रस्टा तथा प्रस्तोताको सहयोग

■ प्रभाव संवाददाता




**काठमाडौं–** राष्ट्रिय स्रस्टा तथा प्रस्तोता प्रतिष्ठानले राजधानीको धुम्बाराहीस्थित 'धुम्बाराही लायन बृद्धाश्रम नेपाल' मा आश्रित बृद्धबृद्धालाई न्यानो कम्बलसहित खाद्यान्न सहयोग गरेको छ ।

चिसो बढ्दै जाँदा बृद्धाश्रममा आश्रित बृद्धबृदालाई तातोका लागि न्यानो कम्बलसहित खाद्यान्न, फलफुल र नगद समेत सहयोग गरेको प्रतिष्ठानका अध्यक्ष तथा संगीतकार राजेन्द्र बजगाईले जानकारी दिए । काठमाडौंमा दिन प्रतिदिन बढिरहेको चिसोबाट बृद्ध उमेरका बुबा-आमालाई सुरक्षित गर्न सकिन्छ कि भन्ने पवित्र भावनाअनुरूप उक्त सहयोग गरिएको हो ।

कला क्षेत्रका विभिन्न विधामा सक्रिय स्रस्टा तथा प्रस्तोताहरू आवद्ध रहेको एकेडेमीले उक्त अवसरमा विविध सांस्कृतिक प्रस्तुतिहरू समेत प्रस्तुत गरेको छ । कलाकारहरूको सांगीतिक प्रस्तुतीले बृद्धाश्रममा आश्रित बुबाआमाहरूले नाचगान गर्दै रमाइलो गरेका थिए ।कला क्षेत्रका विभिन्न विद्यामा आवद्ध संगीतकर्मीको हक-हितका लागि संस्था स्थापना भएपनि सामाजिक कार्यमा समेत सक्रिय रहने उद्देश्यअनुसार आफुहरूले पहिलो काम नै बृद्धाश्रमलाई सहयोग गरेको प्रतिष्ठानका महासचिव संगीतकार दीपक शर्माले बताए ।

आजभन्दा ९ वर्ष अघि स्थापना भएको बृद्धाश्रममा हाल १२ जनाले आश्रय लिइरहेका छन् । आमाहरूका लागि मात्र भनेर सञ्चालन गरिएको आश्रममा हाल भने एकजना बुबालाई पनि आश्रय दिइएको सञ्चालक धनराज भडेलले जनाएका छन् । १३ वर्षकै उमेरमा आमा गुमाएका धनराजले आमा गणेशकुमारीको सम्झनामा यो बृद्धाश्रम सञ्चालन गरेका हुन् ।

सहयोग हस्तान्तरणका लागि प्रतिष्ठानका तर्फबाट सुजाता केसी, नारायण थापा, रिता केसी, बेनिशा पौडेल, माइकल चन्द, मनोज परियार, सविन सुवेदी, प्रतिक्षा काफ्ले, उत्तम अधिकारी, भद्र ओली, शिलन लम्साल, पुस्कर सुनुवारलगायतका कलाकर्मी समेत सहभागी थिए ।

# साहित्य स्रस्टालाई सम्मान तथा पुरस्कृत

**काठमाडौं (प्रस)–** कवि दैवज्ञराज न्यौपाने स्मृति प्रतिष्ठानले तीन साहित्य स्रस्टालाई सम्मान तथा पुरस्कृत गरेको छ । आज यहाँ कवि दैवज्ञराज न्यौपानेको ११ औं स्मृति दिवसका अवसरमा प्रतिष्ठानले नेपाली साहित्यमा योगदान पुऱ्याउने वरिष्ठ साहित्यकार प्राध्यापक डाक्टर वासुदेव त्रिपाठी, वरिष्ठ कवि जसराज किराँती र वरिष्ठ बालसाहित्यकार गोपाल पराजुलीलाई पुरस्कृत गरेको हो ।

प्रतिष्ठानले पूर्वाअञ्चल बालसेवा आश्रमका समाजसेवी सीता पोखरेललाई पनि सम्मान गरेको छ । काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा डा सुरेशराज शर्माले साहित्य स्रस्टाका सिर्जनाले समाजदलाई जिवित राख्न सहयोग गरेको बताए । उनले भने, ' हाम्रा नेपाली साहित्य समयमै अनुवाद गर्नसकेको भए विश्वसाहित्य जगतमा चम्किरहेको हुने थियो ।

समाजलाई जिवित राख्न तपाइँ (साहित्य स्रस्टा)को सिर्जनाले सम्भव भएको हो ।' उनले कवि न्यौपानेको साहित्यप्रतिको लगाव र योगदानको स्मरणसमेत गरे ।

दैवज्ञ विशिष्ट स्रस्टाबाट साहित्यकार प्रा डा त्रिपाठी, दैवज्ञ साहित्य पुरस्कारबाट कवि जसराज किराँती, दैवज्ञ बालसाहित्य पुरस्कारबाट बालसाहित्य स्रस्टा पराजुली र समाजसेवा पुरस्कारबाट पाखरेल पुरस्कृत हुनुभएको हो । प्रतिष्ठानले स्रस्टालाई सम्मानपत्रसहित नगर ५५ हजार देखि ३३ हजार रूपैयाँसमेत प्रदान गरेको छ ।

## रंगशाला

### आहा रारा पोखरा गोल्डकप

# बिवाइएससीलाई पराजित गर्दै संकटा च्याम्पियन




■ प्रभाव संवाददाता

**पोखरा–** संकटा फुटबल क्लबले २२औं संस्करणको 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर क्लब आमन्त्रित आहा रारा पोखरा गोल्डकप'को उपाधि जितेको छ । पोखरा रंगशालामा शनिबार सम्पन्न फाइनल खेलमा अमेरिकाको भुटनिज युथ स्पोर्टस क्लब (बिवाइएससी) मिनेसोटालाई ३-२ गोलले हराउँदै संकटा दोस्रोपटक च्याम्पियन बनेको हो ।

संकटाले यसअघि २०औं संस्करणको पनि उपाधि जितेको थियो । विजेता टोलीले रु १२ लाखसहित  शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता भुटनिज युथ क्लबले रु छ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।

संकटालाई च्याम्पियन बनाउन सुरजज्यू ठकुरी, मेसुके ओलामाउ र सुनिल बलले एक-एक गोलको योगदान गरे । उपविजेता भुटनिज युथ क्लबका तर्फबाट रेने स्यान्टिलन र विलिस ग्रिफिटले गोल गरे । खेलको सातौं मिनेटमा सुरजज्यू ठकुरीको गोलमा संकटाले अग्रता लिएको थियो । यसैगरी खेलको ३५औं मिनेटमा मेसुके ओलामाउले गोल गर्दै अग्रता दोब्बर बनाएका थिए थियो । भुटनिज युथ क्लबका लागि रेने स्यान्टिलनले खेलको ३७औं मिनेट र पहिलो हाफको अतिरिक्त समयमा विलिस ग्रिफिटले दोस्रो गोल गर्दै खेल बराबरीमा पुगेको थियो ।

खेलको दोस्रो हाफमा कुनै पनि गोल भएन । निर्धारित ९० मिनेटको समय बराबरीमा टुङ्गिएपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो । अतिरिक्त समयको पहिलो हाफ गोलरहित बराबरीमै सकियो । तर एक सय १७औं मिनेटमा संकटाका सुनिल बलले निर्णायक गोल गर्दै टिमलाई च्याम्पियन बनाएका थिए ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी संकटाका सुनिल बल घोषित भए । उनले एलजीको इलेक्ट्रिक स्कुटर प्राप्त गरे । उत्कृष्ट मिडफिल्डरमा संकटाका आयुष घलान, उत्कृष्ट गोलरक्षकमा संकटाकै टिकेन्द्र थापा, उत्कृष्ट फरवार्ड संकटाकै स्टेफन बिनोङ र उत्कृष्ट डिफेन्डरको उपाधि भुटनिजका हेक्टर ओर्टेगाले प्राप्त गरे । प्रतियोगिताको उत्कृष्ट प्रशिक्षकमा संकटाका सल्यान खड्गी घोषित भए । उनीहरू सबैले जनही रु २५ हजार पुरस्कार प्राप्त गरे ।

## महिला पिएम कपको खेलतालिका सार्वजनिक

**काठमाडौं (प्रस)–** इटहरीमा पुस अन्तिमबाट सुरु हुने प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-ट्वान्टी क्रिकेट प्रतियोगिताको खेलतालिका सार्वजनिक भएको छ । नेपाल क्रिकेट संघ(क्यान) ले शनिबार सार्वजनिक गरेको खेल तालिका गरेको हो । क्यानका अनुसार प्रतियोगिताको उद्घाटन पुस २ ९ गते हुनेछ । उद्घाटन दिन दुई खेल हुनेछ । ७ माघमा फाईनल खेल रहेको छ । प्रतियोगिताको विजेताले ५ लाख र उपविजेता टोलीले ३ लाख रूपैयाँ प्राप्त गर्नेछन् ।

प्रतियोगिता सर्वोत्कृष्ट खेलाडीले ३० हजार तथा उत्कृष्ट ब्याटर र बलरले समान २०/२० हजार पाउनेछन् । प्रतियोगितामा प्रत्येक खेलका 'प्लेयर अफ द म्याच'ले ३ हजार प्राप्त गर्नेछन् । पुस २९ बाट सुरु हुने यस प्रतियोगितामा ८ टोलीको सहभागीता रहने छ । प्रतियोगितामा सात प्रदेश तथा एक विभागीय टोलीको सहभागीता रहने छ ।

## प्रशिक्षक गुरुङ सम्मानित

**निजगढ (प्रस)–** निजगढ फुटबल क्लबका प्रशिक्षक सन्तोष गुरुङलाई निजगढस्थित सेवा शुभारम्भ बचत तथा ऋण सहकारी संस्थाले सम्मान गरेको छ । सहकारीको १२ औ वार्षिक साधारणसभाको अवशरमा गुरुङलाई सेवा प्रतिभा पुरस्कार २०७९ द्वारा सम्मान गरिएको हो ।

निजगढ फुटबल क्लबलाई प्रशिक्षण गराईरहेका गुरुङले निजगढमा खेलकुद क्षेत्रमा गरेको योगदानको कदर गर्दै सेवा प्रतिभा पुरस्कार २०७९ ले सम्मान गरिएको सहकारीले जनाएको छ । सम्मानित गुरुङलाई सहकारीका अध्यक्ष मणिश्वर घिमिरेले सम्मानपत्र प्रदान गरेका थिए ।

### नेपाल टी-२० लिग

# काठमाडौं प्लेअफमा

■ प्रभाव संवाददाता




**काठमाडौं–** काठमाडौं नाईट्स पहिलो संस्करणको नेपाल टी-ट्वान्टी लिगको प्लेअफमा पुग्ने चौथो टोली बनेको छ ।

शनिबार फार वेस्ट युनाईटेडले पोखरा एभेन्जर्सलाई ४१ रनले पराजित गरेसँगै अंक तालिकाको चौंथो स्थानमा रहदै काठमाडौं प्लेअफमा पुगेको हो ।

त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा फार वेस्टले दिएको १ सय ८८ रनको लक्ष्य पछ्याएको पोखराले १८.१ ओभरमा अलआउट हुँदै १ सय ४६ रन मात्र बनायो ।

पोखराका लागि कप्तान उपुल थरंगाले २३ बलमा ३६ रन बनाउँदा प्रतिश जिशीले ११ बलमा ५ छक्काको सहयोगमा ३४ रन बनाए । सिद्धान्त लोहनी २५ बलमा २८ रनमा आउट हुँदा सुमित महर्जनले १४ रन बनाए ।

फार वेस्टका लागि दुर्गेश गुप्ता र कप्तान हशमतुल्लाह शाहिदीले समान २/२ तथा करण केसी र प्रकाश जैशीले समान १/१ विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ रोजेको फार वेस्टले २० ओभरमा ५ विकेट गुमाएर १ सय ८८ रन बनायो ।

फार वेस्टका लागि पहिलो विकेटका लागि कप्तान शाहिदी र विनोद भण्डारीले १ सय ३४ रनको शतकीय साझेदारी गरे । यो प्रतियोगितामा उनीहरूको यो दोस्रो शतकीय साझेदारी हो ।

शाहिदीले ५१ बलमा ६७ रनको अर्धशतकीय ईनिङ खेले । उनको यो प्रतियोगितामा चौथो अर्धशतक हो । यो प्रतियोगितामा चौथो अर्धशतक बनाउने उनी पहिलो खेलाडी हुन् ।

भण्डारीले ४७ बलमा ५९ रन बनाए । उनले ६ चौका र २ छक्का प्रहार गरे । राशिद खानले ४ बलमा १४ रन बनाउँदा करण केसी ११ रनमा अविजित रहे ।

पोखराका लागि अभिमन्यु मिथुनले २ तथा प्रतिश जिसीले १ विकेट लिएका थिए । प्रतियोगिताबाट बाहिरिसकेको फार वेस्ट अन्तिम खेलमा जितका साथ प्रतियोगिता समापन गरेको छ ।

हारसँगै पोखरा पनि प्रतियोगिताबाट बाहिरिएको छ । लुम्बिनी अल स्टार, जनकपुर रोयल्स र विराटनगर सुपर किंग्सले भने यस अघि नै प्लेअफमा स्थान पक्का गरिसकेका छन् । यी दुई टोलीले आईतबार हुने पहिलो क्वालिफायर खेल्नेछन् । पहिलो ईलिमेटरमा विराटनगर र काठमाडौंको खेल भने सोमबार रहेको छ ।

डबल राउण्डमा हुने यस लिगमा ३४ खेल हुनेछ । यस लिगको विजेताले ५५ लाख पाउने जनाएको छ । यस्तै उपविजेताले ३० लाख नगद पुरस्कार प्राप्त गर्दा तेस्रो हुनले १० लाख र चौंथोले ५ लाख पाउने छ । त्यस्तै प्लेयर अफ द सिरिजले ५ लाख प्राप्त गर्दा उत्कृष्ट बलर र उत्कृष्ट ब्याटरले २ लाख ५० हजार पाउने छन् ।

इमर्जिङ प्लेयरले १ लाख ८० हजार पाउने छ । पहिलो संस्करणको लिगमा ६ टोलीको सहभागिता रहेको छ । पहिलो संस्करणको लिगमा ६ टोलीको सहभागिता रहेको छ । यस लिगमा काठमाडौं नाइट,पोखरा एभेन्जर्स,फार वेस्ट युनाईटेड,जनकपुर रोयल्स,विराटनगर सुपर किंग्स र लुम्बिनी अल स्टार रहेका छन् ।




**चिनियाँ नयाँ वर्ष** | जापानको नागोयामा '१७औं नागोया चिनियाँ नयाँ वर्ष महोत्सव'मा प्रदर्शन हेर्दै मानिसहरू । *तस्बिर: सिन्हवा*

## चिनियाँ रक्षामन्त्री र तुर्कमेनका समकक्षी बीच भेटवार्ता

**बेइजिङ–** चिनियाँ राज्य परिषद्का सदस्य तथा रक्षामन्त्री वेइ फेङहेले शुक्रबार बेइजिङमा तुर्कमेनका रक्षामन्त्री बेगेञ्च गुन्डोग्दियेभसँग भेटवार्ता गरेका छन् ।

चीनका राष्ट्राध्यक्ष सी चिनफिङ र तुर्कमेनका राष्ट्रपति सेरदार बेर्दिमुहामेदोभबीच शुक्रबार भएको वार्तामा चीन-तुर्कमेनिस्तान सम्बन्धको नयाँ युगको रूपमा चीन र तुर्कमेनिस्तानबीच व्यापक रणनीतिक साझेदारीको घोषणा गरेको मन्त्री वेईले बताएका छन् ।

चीनले तुर्कमेनिस्तानसँग दुई देशका सेनाबीचको रणनीतिक सञ्चारलाई निरन्तरता दिन, व्यावहारिक सहयोगलाई अझ गहिरो र विस्तार गर्न र साझा भविष्यका साथ चीन-तुर्कमेनिस्तानको आपसी सद्भाव थप बलियो बनाउँन तयार रहेको पनि बताएका छन् ।

त्यस्तै गुन्डोग्देयेभले तुर्कमेनिस्तानले चीनसँग विभिन्न गतिविधि आदानप्रदान गर्दै आपसी सम्बन्ध थप सुदृढ गर्न र सुरक्षा सहयोगलाई अझ गहिरो बनाउन एवं दुई देशको साझा हित, क्षेत्रीय शान्ति र विकासको रक्षा गर्न इच्छुक रहेको बताएका छन् । *रासस/सिन्ह्वा*

# १५औं चरणको मतदानपछि चुनिए अमेरिकी सभामुख

**वासिङ्टन–** अमेरिकी प्रतिनिधिसभाले नयाँ सभामुख चयन गरेको छ। लामो गतिरोधपछि शनिबार बिहान कंग्रेस सदस्य केभिन म्याकार्थीलाई सभामुखमा निर्वाचित गरिएको हो ।



क्यालिफोर्नियाका रिपब्लिकन म्याकार्थीले १५औं चरणको मतदानमा सभामुख बन्न पर्याप्त मत प्राप्त गरेका हन् । यो चुनावी प्रतिस्पर्धा १६४ वर्षको अन्तरालमा भएको सबैभन्दा लामो प्रतिस्पर्धा हो ।

कट्टरपन्थी रूढीवादीको समूहसँगको कडा प्रतिस्पर्धा र १४ पटकसम्म गरिएको परिणामविहीन मतदानपछि यो नतिजा आएको हो । डेमोक्रचाटले भने न्युयोर्कका डेमोक्रचाट कंग्रेसम्यान हकिम जेफ्रिजलाई मतदान गरेका थिए । *रासस/सिन्ह्वा*

## ३० लाख प्लास्टिकका बोतलको कला प्रदर्शनी

**ढाका–** बंगलादेश युवा संगठनले प्लास्टिक प्रदूषणविरुद्ध चेतना जगाउन 'सेभ अर्थ, सेभ बंगलादेश' भन्ने नाराका ३० लाखभन्दा बढी प्लास्टिकका बोतलको कला प्रदर्शनी आयोजना गरेको छ ।

विगत ३२ दिनदेखि यहाँ जारी रहने प्रदर्शनीमा प्लास्टिकका बोतल, पोलिथिन, चिप्सका प्याकेट र सिगरेट फिल्टरबाट बनेका तस्बिर तथा मूर्ति समावेश गरिएको छ । ढाकामा रहेको युवा संगठन 'बिडी क्लिन'ले लामो समयदेखि राजधानी ढाका र बंगलादेशका अन्य ठाउँमा प्लास्टिक फोहोर सफा गर्दै आएको छ ।

प्लास्टिक र रासायनिक प्रदूषणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने लक्ष्यका साथ प्रदर्शनी आयोजना गरिएको बिडी क्लिनका संयोजक मसुदुर रहमानले बताएका छन् । प्रदर्शनीको तयारीका लागि बिडी क्लिनका सदस्यले डेढ महिनाभन्दा बढी समयदेखि देशका विभिन्न स्थानबाट प्लास्टिक संकलन गरेको बताए । उनीहरूले निजी खर्चमा फोहोर संकलन गरी यातायातका विभिन्न माध्यमबाट ढाकासम्म ल्याएका जानकारी दिए ।

दैनिक हजारौं दर्शक प्रदर्शनीमा आएका तथा उनीहरू प्रस्तुत चित्रबाट आल्हादित भएका आयोजक संस्थाले बताएको छ । केही आगन्तुकले अब उप्रान्त प्लास्टिक प्रयोग नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । *रासस/सिन्ह्वा*

# नवीकरणीय ऊर्जाका स्रोतको खोजीमा बितेको वर्ष

■ **रमेश लम्साल**

**काठमाडौं–** लगातार उकालो लागेको पेट्रोलियम पदार्थको मूल्य, कोरोना महामारीले विश्व आपूर्ति शृंखलामा जटिलता थपेका बेला नयाँ वर्षको पहिलो महिना सकिनासाथ सुरु भएको युक्रेन युद्धबाट युरोपमा मात्र नभई विश्वव्यवस्था नै अनिश्चयतर्फ धकेलिएका बेला विगतका विषम ऊर्जा संकटलाई सम्झँदै त्यसबाट पार पाउन सन् २०२२ मा नवीकरणीय ऊर्जाका स्रोतको खोजीमा अध्ययन अनुसन्धानका प्रयासहरू भएका छन् ।

दक्षिण एसियाली क्षेत्र अथाह जलस्रोतको भण्डार भएकाले स्वच्छ ऊर्जा उत्पादन र विकासमा यस भेगका राष्ट्रले केही उल्लेखनीय काम गरेका छन् । अन्तर्राष्ट्रिय बजारमा कोइलाको अभाव भएपछि चीन र भारतलगायत देश पनि ऊर्जा संकटको चपेटामा पऱ्यो । दुई करोड २० लाख जनसंख्या भएको श्रीलंका सात दशकयताकै सबैभन्दा खराब ऊर्जा संकटसँग झेल्दै टाट पल्टियो । वर्षैभरि भारतमा बिजुलीको उच्च माग रह्यो । भारतले देशको उत्तरी भागमा तीव्र गर्मीको लहर चलेका बेला बिजुलीको माग बढेको, अर्थतन्त्र विस्तार भएको र लाखौं घर विद्युतीकरणमा परेपछि ऊर्जामन्त्री आरके सिंहले नवीकरणीय ऊर्जाको विकासमा सन् २०२२ मा जोड दिएकाले त्यो सम्भव भएको सार्वजनिकरूपमा बताए । देशमा नवीकरणीय ऊर्जाको कूल क्षमता ३० गिगावाट पुगेकोतर्फ लक्ष्य गर्दै उनले त्यसो भनेका हुन् ।

मोदी सरकारले आठ वर्षको अवधिमा उत्पादन क्षमतामा ठूलो वृद्धि, देशलाई एउटै प्रसारण ग्रिडमा समाहित गर्ने र वितरण प्रणालीको सुदृढीकरणले २३ देखि २३.५ घन्टा विद्युत् आपूर्ति सुनिश्चित भएको दाबी गऱ्यो ।

केन्द्रीय राजधानी नयाँदिल्लीमा गत अक्टोबरदेखि विद्युत् अनुदान माग गर्नेलाई मात्रै उपलब्ध गराउने गरी सरकारले नयाँ नीति लागू गऱ्यो । 'अनुदान उपलब्ध गराउनु पर्दैन, म बिजुलीको बिल तिर्न सक्छु' भन्ने नागरिकलाई सरकारले अनुदान नदिने नीति अख्तियार गऱ्यो । राष्ट्रिय राजधानीका उपभोक्ताले २०० युनिटसम्म बिजुलीको 'शून्य' र प्रतिमहिना २०१ देखि ४०० युनिट विद्युत् खपत गर्दा ८०० भारु बराबरको छुट पाउने गरेका थिए ।

नयाँदिल्लीमा दुई महिनाभन्दा बढी समय बिजुली कटौती भयो । इण्डियन प्रिमियर लिग (आइपिएल) भइरहेका बेला उद्योगको बिजुली काटेर घरघरमा आपूर्ति गरियो तर ३२२ जिल्लाका २१ हजारभन्दा बढी नागरिकमाझ गरिएको सर्वेक्षणमा हरेक तीनमध्ये दुई घरले विद्युत् कटौतीको सामना गरेका देखायो । विश्वको



तेस्रो ठूलो कोइला भण्डार भएको देशमा कोइला अभावले उत्पन्न ऊर्जा समस्या समाधान गर्न भारत सरकारले नवीकरणीय ऊर्जातर्फ गम्भीर भएर लाग्ने योजना अघि बढायो ।

संसारभर नै कोइलाका आधारित ऊर्जा उत्पादन प्लान्टहरू संकटमा परेपछि विभिन्न विकल्पको खोजी सुरु भयो । इण्डोनेसिया र अस्ट्रेलियाका आपूर्तिकर्तालाई भ्याइनभ्याइ भयो- मागअनुसार आपूर्ति गर्न यस्तो अवस्थामा वैकल्पिक र नवीकरणीय ऊर्जाको विकास प्रक्रियाले गति लिएको भए पनि त्यसले मागअनुसार अविच्छिन्न आपूर्ति गर्न सक्ने अवस्था छैन । सौर्य ऊर्जा केन्द्रहरूले दिउँसो मात्रै बिजुली दिने भएकाले रातको आवश्यकता पूर्ति हुन सकेको छैन । वायु ऊर्जा पनि हरपल उत्पादन हुने सुनिश्चितता छैन तर स्वच्छ ऊर्जा उत्पादन सरकारी प्राथमिकतामा रह्यो ।

तयारी पोसाकलगायत वस्तुको निर्यातका कारण आर्थिक उन्नयनका दिशामा लागेको दक्षिण एसियाको 'राइजिङ टाइगर' बंगलादेशमा पनि ऊर्जाको चरम संकट व्यवस्थापन गर्न बेलुका ८ बजेपछि बजार बन्द गर्नुपर्ने कडा र बाध्यकारी नियम सार्वजनिक भयो । यो नियम देशैभरि लागू भयो । पेट्रोलियम पदार्थको मूल्यवृद्धि विश्वव्यापी समस्या बनेकाले मितव्ययी बन्दा व्यापार घाटा पनि केही कम भयो ।

बाढीपहिरोबाट पीडित पाकिस्तानमा आर्थिक संकटसँगै पानीको ठूलो समस्या हुँदा कृषि क्षेत्रका साथै निर्यातजन्य उद्योग नराम्ररी प्रभावित भए भने ऊर्जा प्रणालीसमेतमा समस्या भयो । देशको कूल गार्हस्थ उत्पादनमा २३ प्रतिशत योगदान गर्ने कृषि क्षेत्रमा अन्योल छायो । बाँधमा पानीको सतह शून्यतर्फ झरेकाले राष्ट्रिय सुरक्षा जोखिममा परेका समाचार सार्वजनिक भए । जलस्रोतको संरक्षणका लागि साना बाँध बनाएर पानीको अभाव सम्बोधन गर्न ध्यान नदिँदा राष्ट्रियस्तरमा खानेपानी व्यवस्थापन चुनौतीपूर्ण बन्यो । सन् १९९१ यताकै सबैभन्दा धेरै पानी कटौतीको भएको वर्ष बन्यो सन् २०२२ ।

दक्षिण एसियाका धेरै देश अहिले ऊर्जा उत्पादनका लागि ग्यासमा अत्यधिकरूपमा निर्भर छन् । ऊर्जा उत्पादनमा बंगलादेशमा ६० प्रतिशतभन्दा बढी र पाकिस्तानमा झण्डै आधाभन्दा बढी अंश ग्यासले ओगटेको छ । यस्तो अवस्थामा भारत र बंगलादेशमा योजनाबद्धरूपमा ग्यास पूर्वाधारमा क्रमशः करिब २९.५ अर्ब अमेरिकी डलर र १६.५ अर्ब अमेरिकी डलर लगानी हुने अनुमान गरिएको छ । पाकिस्तानमा २.५ अर्ब अमेरिकी डलर लगानीको ग्यास पाइपलाइन निर्माणकार्य अर्को वर्षदेखि सुरु हुने अनुमान गरिएको छ ।

एक अध्ययनअनुसार जुन गतिमा ऊर्जा उत्पादन भइरहेको छ, त्यसले हरेक वर्ष कार्बन उत्सर्जन १४ प्रतिशतले बढाइरहेको छ । त्यसले यो शताब्दीमा १.५ डिग्री सेल्सियस तापक्रम कायम गर्ने लक्ष्य भेट्टाउँदैन । खनिज इन्धनले विश्वको बिजुली र हरितगृह ग्यास उत्सर्जनको दुईतिहाइ हिस्सा ओगटेको छ । तर, सन् २०१८ मा खनिज इन्धनबाट हुने वायु प्रदूषणले ८० लाखको ज्यान लिएको हामीले बिर्सेका छैनौं । जैविक इन्धनमा भर नपर्ने गरी बिजुली उत्पादन गर्नेतर्फ लाग्नुपर्नेमा सहमति भएकले अब आणविक वा नवीकरणीय ऊर्जा उत्पादनतिर लाग्नुको विकल्प छैन । ऊर्जाको लागि कोइला, ग्यास र तेलमाथिको निर्भरताबाट मुक्त हुन सबैभन्दा व्यावहारिक कदम आणविक र नवीकरणीय ऊर्जा उत्पादन बढाउनु हो ।

जलवायु परिवर्तनले निम्त्याएको संकटको बीचमा खनिज इन्धनको प्रयोग झन्झटिलो हुँदै गयो । पृथ्वी क्रमशः तात्दै गएको छ । विश्वले कार्बन उत्सर्जन घटाउने लक्ष्य हासिल गर्न सकेको छैन भने अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धता पनि कार्यान्वयन नभई वर्ष २०२२ विश्वबाट बिदा भएको छ । *रासस*


## Invitation for Bids

**Shree Amar Jyoti Secondary School**
**Kharanitar, Nuwakot**
*Bagmati Province, Nepal*
Mob No.: 9851253328

**Invitation for Bids for the *01-AMARJYOTI-079/80***

**Date of Notice Publication: 8th January, 2023**

1. Shree Amar Jyoti Secondary School invites electronic bids from eligible bidders for the Construction of Academic Block of Shree Amar Jyoti Secondary School 2nd Phase under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shree Amar Jyoti Secondary School, Kharanitar, Nuwakot or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Agricultural Development Bank Ltd.**
   **Name of Office: Shree Amarjyoti Madhyamik Bidhyalay**
   **Office Account no.: 02-133-00985862-01-7**
   **Account Type: Chalti Khata**
4. Pre-bid meeting shall not be held.
5. Electronic bids must be submitted to the office of Shree Amar Jyoti Secondary School, Kharanitar, Nuwakot through PPMO website www.bolpatra.gov.np. on or before 12:00 Noon On 8th February,2023. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 8th February,2023 at the office of Shree Amar Jyoti Secondary School, Kharanitar, Nuwakot . Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. 2,78,0000.00** deposited at School's account No. : 02-133-00985862-01-7 on behalf of Amarjyoti Madhyamik Bidhyalay, Kharanitar, at Agricultural Development Bank Limited, Kharanitar branch, Nuwakot or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for 30 days beyond the validity period of the bid **(i.e. 120 Days from the date of bid opening)**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract Identification No. | Description of Works | Total Estimated Amount With VAT & PS | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| AMARJYOTI/NCB/W/B- 079/80 | Construction of Academic Block of Shree Amar Jyoti Secondary School 2nd Phase | NRs. 96,73,088.73 | NRs. 2,78,0000.00 | NRs. 3,000.00 |

**Principal**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०२३०० | प्रति तोला - १०१८०० | प्रति तोला - १३६५ |



**व्यावसायिक मौरीपालन** बागलुङको जैमिनी नगरपालिका-७, जैदीस्थित अगुवा मौरीपालक किसान मोहोराजको घरमा व्यावसायिकरूपमा पालन गरिएको मौरी रेखदेख गर्दै उनकी बुहारी शर्मिला शर्मा। *तस्बिरः खेमराज गौतम/रासस*

## नयाँ सरकारले व्यावसायीको समस्या समाधान गर्छ : मन्त्री राई

■ प्रभाव संवाददाता

**काठमाडौं–** विना विभागीयमन्त्री राजेन्द्रकुमार राईले नयाँ सरकारले व्यवसायीको समस्या समाधान गर्ने बताएका छन् ।

राष्ट्रिय व्यापार संघको १८औँ वार्षिक साधारणसभाको शनिबार यहाँ उद्घाटन गर्दै उनले व्यवसाय क्षेत्रमा देखिएका समस्या समाधान गर्न नयाँ सरकार कटिबद्ध रहेको बताएका हुन् ।

'हामी समृद्धिको यात्रामा छौँ, व्यवसायीले तिरेको करबाट मुलुक चलेको हो, व्यवसायीको समस्या समाधान गर्न नयाँ सरकार कटिवद्ध छ', उनले भने । मन्त्री राईले मुलुक धनी बनाउने जिम्मा सबैको भएकाले सरकारलाई सहयोग गर्न व्यवसायीलाई आग्रहसमेत गरे । गरिब देशको अर्थतन्त्रलाई सुदृढ बनाउन सबैको सहयोग आवश्यक रहेको उनको भनाइ छ ।

आन्तरिक राजस्व कार्यालय न्यूरोडका प्रमुख शशि भट्टले व्यापार संघले सरकार र निजी क्षेत्रबीच पुलको काम गर्दै आएको बताए । उनले बजारमा चोरीपैठारी बढेको भन्दै यसलाई नियन्त्रण गर्न सरकारले अनुगमनको कामलाई कडाइ गरेको बताए । कानुनी दायरामा रहेर व्यापार गर्न उनले व्यापारीलाई आग्रह गरे ।

नेपाल चेम्बर अफ कमर्शका उपाध्यक्ष दीपक मलहोत्रा अस्थिर सरकारका कारण नेपालको अर्थतन्त्रले गती लिन नसकेको बताए । 'बैंकबाट चर्को ब्याज लिएर व्यापार गर्नसक्ने अवस्था छैन, यसमा सरकारले विशेष ध्यान दिनुपर्छ', उनले भने । जबसम्म ब्याजदर घट्दैन तबसम्म व्यापार गर्न नसक्ने उनको भनाइ छ ।



हस्तकला संघ बागमती प्रदेशका अध्यक्ष होमनाथ उपाध्यायले भूकम्प, नाकाबन्दी र कोरोनाका कारण थला परेको नेपालको अर्थतन्त्रलाई पुनरुत्थान गर्न नयाँ सरकारले नयाँ कार्यक्रम अगाडि सार्नुपर्ने बताए ।

नेपाल हिमालय सीमापार व्यापार संघका अध्यक्ष अशोककुमार श्रेष्ठले बैंक तथा वित्तीय संस्थाले ब्याज चर्को बनाउँदा व्यवसायी मर्कामा परेको बताए । सरकारले नेपाली साना व्यवसायीलाई सस्तो ब्याजदरमा पैसा उपलब्ध गराउन सकेमात्र काम गर्न सकिने उनको भनाइ छ ।

संघका अध्यक्ष सरोजकुमार श्रेष्ठले राष्ट्रिय व्यापार संघले व्यवसायीको हक, हितमा मात्र काम नगरी सामाजिक क्षेत्रमा समेत काम गर्दै आएको बताए । व्यापार संघले सिन्धुपाल्चोकको सामुदायिक विद्यालयमा अध्ययनरत १० विद्यार्थीलाई निःशुल्क पढाउँदै आएको उनले जानकारी दिए ।

उनले बैंक तथा वित्तीय संस्थाले एकतर्फी ब्याज बढाउँदा व्यवसायी मारमा परेको भन्दै यसलाई तत्काल घटाउन सरकारसँग माग गरे । बेलाबेलामा नाका बन्द हुँदा व्यवसायीले समस्या भोग्नुपरेको उनको भनाइ थियो ।

संघका उपाध्यक्ष रामचन्द्र पराजुली, पूर्वअध्यक्षहरू नयनबहादुर पण्डित क्षेत्री, रमेशचन्द्र वादे श्रेष्ठ, सल्लाहकार प्रज्वलमान शाक्य, कृष्ण पराजुलीलगायतले व्यवसायीमैत्री वातावरण निर्माणका लागि राज्यले विशेष कदम चाल्नुपर्ने बताएका थिए । विसं २०६१ मा स्थापना भएको संघमा हाल दुई हजारभन्दा बढी व्यवसायी आबद्ध रहेको संघका महासचिव वैकुण्ठ दाहालले जानकारी दिए ।

## तातोपानी नाका पुनः सञ्चालन गर्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** तातोपानी नाका पूर्ववत् अवस्थामा सञ्चालनमा ल्याउन नेकपा (एमाले) सिन्धुपाल्चोकले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेललाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

तातोपानी नाकालाई विश्वासयोग्य बनाई पूर्ववत्‌रूपमा सञ्चालनमा ल्याउन चीन सरकारसँग छलफल, समझदारी र विश्वासको वातावरण बनाउन अर्थमन्त्री पौडेलसँग आग्रह गरिएको हो । चीनसँगको ऐतिहासिक नाका जोडिएको सिन्धुपाल्चोकको तातापानी नाका २०७२ सालको भूकम्पपछि पटकपटक बन्द हुँदै आएको छ ।

शुक्रबार एमालेका स्थायी कमिटी सदस्य शेरबहादुर तामाङको नेतृत्वमा अर्थमन्त्रालय पुगेका पोलिटब्यूरो सदस्य अरुण नेपाल, एमाले केन्द्रीय सदस्य सरेस नेपाल, जिल्ला अध्यक्ष कमल नेपाललगायतले अर्थमन्त्रीलाई तातोपानी नाका खुलाउन आग्रह गरेका हुन् ।

उनहरूले अरनिको राजमार्गको जुरे-कोदारी खण्डको सडक र पुल पुनःनिर्माणको आवश्यक अध्ययनसहितको बजेटसमेत माग गरेका छन् । 'पछिल्लो समय यस भन्सार नाकामा सुविधा सम्पन्न ड्राइपोर्टसमेतको पूर्वाधार उपलब्ध छ । प्रभावकारी ढङ्गबाट सुचारु हुन सकेको छैन', ध्यानाकर्षण पत्रमा उल्लेख छ, 'भूकम्पले बन्द नाका र कोरोना महामारीको कारण थलिएको व्यापारिक क्षेत्रका व्यवसायीको आर्थिक पुनःभरणका विशेष कार्यक्रम अघि बढाइयोस् ।' अर्थमन्त्रीले आफू यसमा सकारात्मक रहेको र पहल जारी रहने बताएको स्थायी कमिटी सदस्य शेरबहादुर तामाङले बताए ।

## काभ्रेका सबै नदी तथा खानीजन्य उद्योग बन्द

■ राजकुमार पराजुली



काभ्रेपलाञ्चोक- जिल्लामा सञ्चालित नदीजन्य तथा खानीजन्य उद्योग शनिबारदेखि बन्द गरिएका छन् । जिल्ला समन्वय समितिको नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्रीसम्बन्धी प्रक्रियाको अनुगमन समितिअन्तर्गत गठित कार्यदलको दश दिनअघि सार्वजनिक प्रतिवेदनले पनि यहाँ सञ्चालित नदीजन्य तथा खानीजन्य उद्योग मापदण्डविपरीत सञ्चालन हुँदै आएको जनाएको थियो ।

जिल्लास्थित विपद् व्यवस्थापन समितिको शुक्रबारको बैठकले शनिबारदेखि जिल्लामा सञ्चालित नदीजन्य तथा खानीजन्य उद्योग बन्द गर्ने निर्णय गरेको हो । बैठकले नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्‌बाट विपद्‌जन्य घटना घटिरहेको निष्कर्षसहित प्रचलित कानुनविपरीत ढुङ्गा, गिट्टी, रोडा, बालुवा उत्खनन तथा दोहन कार्यलाई नियमन गर्न अवैधानिक क्रसर तथा खानी उद्योग बन्द गराउने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले बताइन् ।

उनका अनुसार क्रसर तथा खानी उद्योगी व्यवासयीलाई जिल्ला प्रशासन कार्यालयमा आफ्ना दर्ता एवं नवीकरणका कागजात पेस गर्न भनिएको छ ।

केही दिनअघि मात्रै गृह मन्त्रालयबाट सबै प्रशासन कार्यालयलाई अवैधरूपमा सञ्चालनमा आएका क्रसर तथा खानी उद्याग बन्द गराउन पत्राचार गरिएको थियो । 'परिपत्रअनुसार नै बन्द गराउने निर्णय गरेका हौं, व्यवसायीसँग दर्ता नवीकरणको कागजात मागेका छौं, कागजात पुगेकालाई क्रमशःखोल्दै जानेछौं', प्रजिअ पाण्डेले भनिन् । उनका अनुसार जिल्लास्थित प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य तथा स्थानीय तहका प्रमुखको उपस्थितिमा हाललाई सबै क्रसर तथा खानी उद्योग बन्द गर्ने निर्णय गरिएको हो । जिल्लाका १३ स्थानीय तहमध्ये नौमा ४८ नदीजन्य तथा खानीजन्य उद्योग सञ्चालन हुँदै आएका थिए । त्यसमध्ये जिससको अनुगमन समितिले नियमित सञ्चालन भएका २९ उद्योग अवैधानिक भएको निष्कर्ष निकालेको छ ।

जिल्ला समन्वय अधिकारी शान्तिराज प्रसाईंको संयोजकत्वमा गठित नौ सदस्यीय कार्यदलले प्रतिवेदन सार्वजनिक गर्दै जिसस प्रमुख एवं अनुमगन समितिका संयोजक दीपककुमार गौतमलाई बुधबार बुझाएको हो ।

नदीजन्य तथा खानीजन्य उद्योगसम्बन्धी ५९ पृष्ठको प्रतिवेदनमा अधिकांशको खानी तथा क्रसर उद्योग प्रमाणपत्र कागजात नभएको तथा केहीले उद्योगमा नराखेको, दर्ता प्रक्रिया पूरा नगरी सञ्चालन गरेको, क्रसरबाट उत्पादित 'वेष्ट मेटेरियल' व्यवस्थापन नगरी खोला वा अन्य क्षेत्रमा बेवारिसे राख्ने गरेको, उद्योगमा घेराबार नगरी असुरक्षित रूपमा सञ्चालन गरेको, खानी तथा क्रसर उद्योग छेउछाउमा बस्ती रहेकाले उच्च जोखिममा पारेको तथा उद्योगबाट धुँवाधुलोका कारण बस्तीमा प्रदूषण फैलिइ जनस्वास्थ्यमा असर परेको उल्लेख छ ।

यस्तै प्रतिवेदनमा केहीले साँझ, बिहान र रातिसमेत नदीबाट अनधिकृतरूपमा उत्खनन गरेको, एउटा उद्देश्यले दर्तागरी मापदण्डविपरीत खानी सञ्चालन गरेको, खोला तथा राजमार्गको दूरी मापदण्डविपरीत रहेको, स्वीकृत क्षमताभन्दा बढी उत्खनन गरेकोलगायत उल्लेख गरिएको छ ।

काभ्रेपलाञ्चोकमा रहेका सबै क्रसर नेपाल सरकार मन्त्रिपरिषद्‌को निर्णय एवं प्रदेश सरकारबाट जारी नदीजन्य पदार्थ (सङ्कलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिको दफा-३ बमोजिम कायम मापदण्डअनुसार चलेका छैनन् ।

यस्तै जिल्लाका अधिकांश क्रसर नदीसँगै, नदी र राजमार्गका बीचमा, विद्यालय र जङ्गल नजिक सञ्चालित भएको, अन्य केहीद्वारा वासिङको स्वीकृत लिएर क्रसर चलाइएको छ । अवैधानिक खानीका कारण बस्तीसमेत जोखिममा पर्ने देखिएको, ठकेदार कम्पनीले उत्खनन क्षेत्रमा राख्नुपर्ने उत्खननको समय, परिमाण तथा सम्पर्क व्यक्तिको विवरणसहितको होडिङ बोर्डसमेत नराखेको अनुगमनले देखाएको छ ।

अनुगमन समितिले यसअघि नदीजन्य पदार्थको उत्खनन, बिक्रीवितरणको विषयलाई गाम्भीर्यता र भविष्यमा आउनसक्ने विभिन्न चुनौतिलाईसमेत दृष्टिगत गरी नदीजन्य तथा खानीजन्य साधारण निर्माणमुखी पदार्थको उत्खनन्, संकलन तथा व्यवस्थापनका लागि प्रचलित कानुनबमोजिम तोकिएका मापदण्ड, शर्त तथा सीमाको पालना गर्न गराउन सम्बद्ध उद्योगी, व्यवसायी तथा अन्य सरोकारवालालाई सार्वजनिकरूपमा अनुरोध गर्ने भनेको थियो ।

समितिले दिएका निर्देशन एवं सुझावको पालना नगर्ने तथा प्राकृतिक स्रोतको अनियन्त्रित दोहन भएको पाइएमा सार्वजनिकीकरण गरी प्रचलित कानुनबमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नुपर्ने सुझाव दिएको थियो । *रासस*

## नेपाल लाइफका अभिकर्तालाई दिए अन्तर्राष्ट्रिय प्रशिक्षकले प्रशिक्षण

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले अभिकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । शनिबार राजधानीका आर्मी अफिर्सर क्लबमा आयोजना गरेको एक दिवसीय अभिकर्ता प्रशिक्षण कार्यक्रम भव्यता पूर्वक सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय प्रशिक्षकद्वारा प्रशिक्षण दिइएको यस कार्यक्रममा देशभरबाट ८०० भन्दा अभिकर्ता तथा एजेन्सी म्यानेजरको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन नायब प्रमुख कार्यकारी अधिकृत अमित कयालले गरेका थिए । उक्त कार्यक्रममा विशेष कारणबस देश बाहिर रहेका यस कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले भर्चुअली उपस्थित भई अभिकर्ताहरूलाई स्वागत गर्दै उनीहरूको सिकाईमा थप टेवा पुग्ने कुरा बताए । यसले उनीहरूको व्यक्तित्व विकासमा सहयोग पुर्‍याउनुका साथ साथै व्यवसाय विस्तारका लागि समेत उपयोगी सीपहरू विकास गर्न सहज हुने कुरा जाहेर गरे

साथै उपस्थित सम्पूर्णलाई स्वागत मन्तव्य व्यक्त गर्दै नायब महाप्रबन्धक उमापति पोखेलले



कम्पनीको आगामी रणनीतिको बारेमा प्रकाश पारे । उक्त कार्यक्रमका सहभागीहरूलाई प्रशिक्षण दिनका लागि भारतको मुम्बइबाट जीवन बीमाका अन्तर्राष्ट्रिय ख्यातिप्राप्त प्रशिक्षक तथा सफल जीवन बीमा अभिकर्ता राजेश सतोष्कार उपस्थित थिए ।

कार्यक्रममा उपस्थित अभिकर्ता महानुभावहरूलाई धन्यबाद ज्ञापन गर्दै यस कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत अमित कयालले आगामी दिनमा समेत कम्पनीले अभिकर्ताहरूको सीप विकास तथा मनोवल अभिवृद्धि लागि विभिन्न कार्यक्रम संचालन गर्ने कुरा बताए । गत असोज मसान्तसम्ममा यस कम्पनीको लगानी रु. १४९.७६ अर्ब रूपैयाँ रहेको छ भने जीवन बीमाकोष १४२ अर्ब ९ करोड रूपैयाँ र शेयरधनी कोष ११ अर्ब ३ करोडभन्दा बढी रहेको छ । कम्पनीमा २,१२,३६२ भन्दाबढी प्रशिक्षित अभिकर्ता रहेका छन् ।

कम्पनीले आफ्ना सेवाग्राहीहरू तथा ग्राहकहरूका लागि देशभर फैलिएका आफ्ना हाल करिब १ सय ९७ कार्यालय सञ्जालहरू मार्फत जीवन बीमासम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइरहेको छ । यसका साथसाथै कम्पनीले हालसम्म रु १९७.१८ अर्ब रूपैया बीमा शुल्क आर्जन गरेको छ ।

नेपालको सर्वाधिक विश्वासिलो नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले २१ वटा बीमा योजना अन्तर्गत ३१,१५,४२० बीमालेख जारी गरिएको छ । ग्राहकहरूको हितलाई ध्यानमा राखी यस कम्पनीले समयसापेक्ष आवश्यक थप सेवा तथा सुविधाहरूसमेत उपलब्ध गराउँदै जाने प्रतिबद्धता व्यक्त गरेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ